# *यस अन्तिम दिनहरुमा परमेश्वरको आवाज*

यस बिहानीमा यी स्पेनिस मानिसहरुको विचमा फेरी पनि आउन पाउँनु निश्चय नै एउटा शौभाग्य हो। र म सोच्छु कि यदि जिमले यो लिदैछ। ओ, उसले यो रेकर्डिङ्ग लिदैछ। म संग अझै पनि रेकर्ड छ जुन सानो स्पेनिस कोयरले बनाएका थिएँ जब म पहिले भाई गार्सियासंग यहाँ थिए। र तिनीहरुले मेरो लागि गाउने त्यो छोटो गित मैले बिर्से। तर, ओ, मलाई त्यो कति मन पर्थ्यो! र ती नानीहरु अहिले सबै हुर्केका छन् र विवाहित छन्। म उनीहरुबाट अहिले र पहिले सुन्ने गर्थे। र म आज बिहान हिडे र सानो जोसेफलाई देखे, र अब यसले वास्तवमै मलाई केहि गरेको छ, र तपाईलाई देखेर म निश्चित रूपमा खुसी छु।

2 र, अब, म संग एउटा शब्द छ जुन मैले स्पेनिसमा भन्नसक्छु। के तपाई सुन्न चाहनुहुन्छ? "हाल्लेलुयाह!" म कहिले पनि यो शब्द भुल्नेछैन... एउटा बहिरो महिलालाई मेरो कुरा सुन्नको लागि कोशिष गर्दैथिए। अब, मैले यो कुरा सबै गलत भन्छु होला, बुझ्नुभयो, तर मैले सम्झन सक्नेसम्म यो "ओए" थियो। त्यो सहि हो? मलाई *सुन्नुहोस्, सुन्नुहोस्*, "ओए।" र त्यसपछि कहिल्यै नभुल्नु, "ग्लोरिया ए डियोस!" कति सुन्दर! ओ, तल राजधानी, मेक्सिको सिटीमा गैर तिनीहरुसंग तल बोल्ने अवसर मैले पाएको थिए। म कति खुसी थिए! र म हुने गर्थे...

3 म यहाँ भए पछि फिनल्याण्डमा थिएँ। र सधै मलाई एउटा सानो फिनिस महिलासंग बोलेको सधै सम्झना आउछ। तिनीहरु मलाई त्यहाँसम्म लागेका थिए जसलाई तिनीहरुले "बेथानी" भन्ने गर्छन्। सबै देशको आफ्नै विचार हुन्छ। (म, के तपाईले आवाज फिर्ता सुन्दै हुनुहुन्छ, म यसको अत्ति नै नजिक छु? के तपाई राम्ररी सुन्नसक्नुहुन्छ? त्यो ठिक छ।) यो सानो महिला, उनी एउटा प्यारी सानी व्यक्ति थिईन्। तर उनी मा जस्तै थिईन्, उनी धेरै कुरा गर्न मन पराउँथिन्। र दोभाषे...उनी साच्चै नै छिट्टो बोल्थिन्, र—र उनले यसलाई के भन्न चाहेकि थिईन् त्यो कुरा दोभाषेले यसलाई छिट्टो भन्न सक्दैन थियो। र उनी उभिन्थिन् र उनको अनुहार रातो

हुन्थ्यो, उनले भनिन्, “मैले यो बेबिलोनमा यो ती मानिसहरुको लागि पाएको थिए।”

4 तर, तपाईलाई थाहा छ, मैले ध्यान दिएको छु त्यो सबै—चराहरु जुन सबै अंग्रेजीमा गाउँछन्, कुकुरले अंग्रेजीमा भूक्छन्, बच्चाहरु अंग्रेजीमा रुन्छन्। मलाई आश्चर्य लाग्छ कि हामीलाई के भएको छ। तर हामीले प्रत्येकले सोच्छौ कि हामी—हाम्रो भाषा सहस्राब्दीको भाषा हुनेछ, पक्कै पनि हुनेछ। तर हामीहरु जसले पवित्र आत्मा पाएका छौं, त्यो सत्य हो, ‘किनकि हामीसंग एउटा स्वर्गीय भाषा छ।

5 हामीसंग भाई रो यहाँ हुनुहुन्छ यस बिहानीमा, एकजना कुटनीतिज्ञ वाशिंगटनबाट। म लाग्छ उहाँले पाँच या छ जना राष्ट्रपतिको अधिनमा काम गर्नुभएको छ, सातजना राष्ट्रपति। र तपाईलाई थाहा छ म यसमा उभिदा कस्तो महसूस गर्छु, यस मंचमा बसेर बोल्न, यस्तो एकजना मानिससंग जो मेरो पछाडि बसिरहनुभएको छ। तर उहाँको गवाही सधै मेरो लागि असाधारण थियो, र विशेष गरी जब उहाँ...मलाई विश्वास छ कि उहाँ लुथरन हुनुहुन्थ्यो, यदि म गलत छैन भने, या त क्याथोलिक वा लूथरन, लूथरन। र उहाँले भन्नुभयो उहा...एउटा पेन्टीकोष्टलको सभामा एउटा पालको मुनि घिस्रीरहेको बारेमा केहि, र उहाँ उठ्नुभयो...अन्तमा उहाँले वेदीसम्म आफ्नो बाटो बनाउनुभयो, र, जब उहाँ जानुभयो, परमप्रभु उहाँमा आउनुभयो र उहाँलाई यति धेरै आशिष दिनुभयो कि...मलाई लाग्छ कि उहाँले लगभग सातओटा भिन्न भाषाहरुमा बोल्नसक्नुहुन्छ। र भन्नुभयो कि उहाँले एउटा कोशिष गर्नुभयो, “यसले काम गरेन,” त्यसपछि अर्को कोशिष गर्नुभयो, “यसले काम गरेन।” र मलाई लाग्छ कि उहाँले स्पेनिस उत्तीकै बोल्न सक्नुहुन्छ जत्तिको तपाईहरु सबैले सक्नुहुन्छ। त्यसैले उहाँ—उहाँले ती सबै कोशिष गर्नुभयो, र तिनीहरुले काम नै गरेनन्। र, हेर्नुहोस्, के थाहा छ, परमेश्वर यति भलो हुनुहुन्थ्यो, उहाँ तल आउनुभयो र उहाँलाई एउटा भाषा दिनुभयो जुन उहाँले पहिले कहिल्यै पनि कोशिष गर्नुभएको थिएन, उहाँले भन्नुभयो, “यसले काम गर्यो।” त्यो सहि हो। मलाई लाग्छ कि त्यहि नै तरिकामा अर्को ठाउँतिर पनि हुनेछ।

6 धेरै सम्झनाहरु जुन मैले मेरो हृदयमा त्यस सानो मण्डलीको राखेको छु, म यो विश्वास गर्छु...ओ, म बिर्सिन्छु यो कहाँ छ। यो यहाँ कहिँ टोन्टो

स्ट्रिटको नजिकै छ। र मलाई त्यो याद छ। मैले “टोन्टो स्ट्रिट,” शब्द सोच्न सक्छु जहाँनिर स्पेनिस अपोस्टलिक चर्च हुने गर्थ्यो।

7 मैले पाष्टरलाई भन्दै थिए, “एउटा जागृति हुनको लागि यो एउटा महान ठाउँ हुनेछ,” पर्याप्त कोठा, नयाँ मण्डली, राम्रा मानिसहरु। त्यसैले मलाई लाग्छ कुनै दिन यो एउटा जागृतिको पंक्ति हुनेछ। तपाई त्यसको लागि प्रार्थना गर्नुहोस्, भित्र आउनुहोस् र एउटा जागृति पाउनुहोस्। अब, म आशा गर्छु कि यो केवल त्यसको एउटा पुनरुक्ति हो जुन अन्य मण्डलीमा हामीले पाएका थियौ। मलाई याद छ प्राङ्गणमा उभिएको, पर्खाल अडेस लागेको, सडकको तल र माथि, त्यहाँबाट एउटा रातको समय बिदा हुन लागेको, यो निश्चय नै एउटा रोमान्चक थियो जुन मैले कहिल्यै बिर्सिएको छैन। र एउटा—एउटा सानी महिलाको रेकर्ड मसंग छ, दिदिबहिनी र दाजुभाईहरु जसले गित गाउनु भयो र एउटा रेकर्ड बनाउनुभयो। र तिनीहरुले “मात्र विश्वास,” गाउने कोशिष गर्थे, र उनीहरुले यसलाई ठिकसंग निकाल्न सकेनन्, तपाईलाई थाहा छ। उनीहरुले “मात्र विश्वास,” को सट्टामा उनीहरुले “यिओनिया विस्वास,” भन्थे, बुझ्नुभयो।

8 र मलाई याद छ रेबेका, मेरी छोरी, सारा, र पनि उनीहरुले भन्छन्, “बुबा, गाउनुहोस्, त्यो सानो रेकर्ड बजौनुहोस्...” “स्पेनिस” भन्नको साट्टोमा, उनीहरु यो शब्द बोल्न सक्दैनन्, भन्थे, “स्पेनिस केटिहरु, साना स्पेनिस केटिहरु ‘मात्र विश्वास’ गाईरहेको।”

9 ठिक छ, मलाई याद छ कि उनीहरु सभामा आएका थिए। जागृति तिनीहरुमा थियो, र उनीहरुले सभालाई पश्चिमी तटसम्म नै पछ्याए। र म...एउटा सानोकुराले मेरो मुटुमा छोयो जब हामीले क्यालिफोर्नियालाई छोडेर आयौ, भाई मूर र म, र भाई ब्राउन, माथि क्यापिटलको बाटो। र जब म त्यो रात त्यस भवनबाट भएर गए, ती बच्चाहरु त्यहाँ उभिएर त्यो गाउदै थिए, “उहाँले तिम्रो ख्याल गर्नुहुन्छ।” तपाईले यो सुन्नुभएको छ। “घाम वा छायाँबाट होस्, उहाँले तिम्रो ख्याल गर्नुहुन्छ।” धेरै पटक विदेशी राष्ट्रहरुमा, संसारको युद्धको मैदानहरुमा, ख्रीष्टको सन्देश ल्याउने कोशिष गर्दै, ती केटिहरु र केटाहरुले त्यो गीत मेरो लागि गएको मैले सम्झेको थिए, “उहाँले तिम्रो ख्याल राख्नुहुन्छ। घाम वा छायाँबाट होस्, उहाँले अझै पनि तिम्रो वास्ता गर्नुहुन्छ।” त्यसैले त्यो एउटा महान प्रेरणा भएको छ, एउटा मद्धत भएको छ।

10 तपाईको असल पाष्टरलाई भेट गर्दा, र मण्डली जिवितै देख्दा म अत्यन्त खुसी छु र तपाईले यो महान सुन्दर भवन यहाँ पाउनुभएको छ, सबै बसिरहेको, पर्याप्त पार्किंग कोठा छ। पवित्र आत्माको हातमा मात्र एउटा वास्तविक स्थान, यदि हामीले केवल उहाँले हेर्नसक्ने पार्यौ भने र हामीले एउटा जागृतिको लागि बोलाईरहेका छौ भने थाहा दिन सक्यौ भने। उहाँ, म विश्वास गर्छु कि उहाँले एउटा दिनुहुनेछ।

11 अब, आज राति हामी भाई आउट्लको मण्डलीमा छौँ, येशूको नाउँ मण्डली, अर्को तर्फ पट्टि। र भाई आउट्ल, म विश्वास गर्छु... यो पनि, अपोस्टलिक मण्डली हो। मलाई लाग्छ उहाँको मण्डलीलाई, उहाँले केवल, येशू नाउँ भनि बोलाउनुहुन्छ। मलाई लाग्छ उहाँ विश्वासमा अपोस्टलिक हुनुहुन्छ। र त्यसैले आज राती हामी त्यहाँ हुन पर्नेछ। र अब हामी स्पेनिस मण्डलीलाई, "त्यहाँ आउनुहोस्," भनिरहेका छैनौ, किनभने तपाई आफ्नो कर्तव्यको पदमा रहनुहोस्। र त्यसपछि त्यहाँ ख्रीष्टियन बिजनेस मेन को एउटा ठूलो जमघट हुनेछ, बिहिबारबाट शुरू हुदैछ, अन्य मण्डलीहरुको सेवा बन्द भए पछि हुनेछ, बिहिबारको दिन। र यो सम्मेलन, तिनीहरुसंग उत्कृष्ट वक्ताहरु हुनेछ, र त्यसैले ओरल रोबर्ट्स, र केहि मेथोडिष्ट भाई हरु जो भर्खरै उद्धार पाएका छन्, र तिनीहरुले दाबी गर्छन् कि उनी एउटा एकदम बलियो वक्ता हुन्। र म पक्का छु कि तपाईले यी सम्मेलनहरुको आनन्द लिनुहुनेछ। र तपाई किशोर उमेरका नानीहरु, तिनीहरुसंग किशोर किशोरीहरुको लागि पनि जमघट छ, जस्तो भाईले भर्खरै घोषणा गर्नुभएको छ। म मेरा बच्चाहरु त्यहाँ लादैछु ताकि तिनीहरु त्यहाँ जान सकून्। र त्यसैले त्यहाँ आउनुहोस्, तपाईहरुलाई त्यहाँ पाउदा हामी खुसी हुनेछौ। प्रभुले तपाईहरु सबैलाई आशिष दिनुभएको होस्।

12 र अब म बाईबलमा पल्टाउन चाहन्छु र उहाँको केहि आशिषित वचन पढ्नेछु। र यस बिहान मैले रोजेको छु, थोरै समयको लागि, म तपाईहरुलाई धेरै लामो समयसम्म राख्न चाहन्न, केहि पाठ हेरौ, र त्यो मध्ये एउटा चाहि पहिलो शामूएलमा पाउछौ, अर्को यशैयामा पाउछौ। र म यशैयाबाट पहिला पढ्न चाहन्छु। र म...

13 के तपाईले राम्ररी सुन्नसक्नुहुन्छ, चारैतिर? यी माईकहरुको विचमा, यिनीहरु एकदम संवेदनशील छ जस्तो मलाई लाग्छ, मलाई थाहा छैन

किन हो। तपाईहरुले त्यहाँ बाहिर ठिक संग सुन्न सक्नुहुन्छ, आफ्नो हात उठाउनुहोस्। राम्रो, ठिक छ।

14 अब, म केवल अलिकति रुखो स्वरको भएको छु, पक्कै पनि, यो धेरै बोलेको कारणले हो। र जबदेखि म यस स्पेनिस भाईहरुसंग यहाँ थिए, करिब सोह्र वर्ष, मलाई लाग्छ, हुन सक्छ लगभग सोह्र या सत्र वर्ष अघि देखि, अँ, म त्यस समय देखि नै प्रचार गरिरहेको छु। त्यसैले त्यसबेला म थाकित थिए, मैले भने, र म अझै पनि थकित छु, तर म अझै पनि परमेश्वरको अनुग्रहरु द्वारा गईनै रहेको छु।

15 अब आउनुहोस् यशैया ४० पल्टाऔ, यशैया चालीसौ अध्याय; र पहिलो अध्याय, या पहिलो शामूएलको तेस्रो अध्याय। र जब हामी त्यस स्थानलाई वचन पढ्नको लागि समाति रहेको हुन्छौ, म प्रार्थना गर्नको लागि हाम्रो शिरहरु एक क्षणको लागि अहिले झुकाएको चाहन्छु।

16 हाम्रो स्वर्गीय पिता, यस प्यारो पवित्र स्थानमा उभिने यो शौभाग्यको लागि आज हामी आभारी छौ जुन परमेश्वर र उहाँको कामको लागि समर्पित गरिएको छ। र जस्तो हामीलाई थाहा छ कि तपाईको दासहरु यस मंचको यहाँ पछाडि या पुलपिट धेरै पटक खडा भएका छन्, र तपाईको सेवामा समर्पित जीवनसंग आएका छन्।

17 र कि *यो*, यस बिहान, सम्झनाहरुलाई फिर्ता ल्याएको छ, जागृतिका सम्झनाहरु जुन भर्खरै मात्र शुरू भएको थियो, पवित्र आत्माको साथमा जो एउटा ठूलो ज्योतिको रूपमा, आगोको स्तम्भको रुपमा आउनुभएको थियो, र यसले भनेको थियो कि सन्देशले पृथ्वीलाई साफ गर्नुपर्ने छ। र अब आज त्यो इतिहास भएको छ। यसलाई देखिसके पछि, महान् मानिसहरु मार्फत सन्देशले आगो समातेको छ, जस्तो कि ओरल रोबर्ट्स र टम्मी ओस्बोर्न, टम्मी हिक्स र अन्य धेरै। र हामीले संगै राखेका प्रयासहरुद्वारा, हामी देख्छौ कि सन्देशले स्वर्ग मुनि हरेक राष्ट्रमा पेन्टिकोष्टल सन्देशको जागृतिको आगो लगाएको छ। यसको लागि हामी तपाईलाई धन्यवाद र प्रशंसा दिदछौ, ओ शक्तिशाली परमेश्वर।

18 र अब आज हामी प्रार्थना गर्दछौ कि तपाईले हाम्रो हृदयलाई अनुकुलित राख्नुहुनेछ, महान् र्याप्चरको लागि तयार पार्नुहुनेछ जुन चाडै हुनेछ, हामी विश्वास गर्दछौ। र यदि हाम्रो हृदयहरु त्यसको लागि ठिक छैन या कुनै पनि कुराको लागि जुन तपाईले हाम्रो निम्ति भण्डार गर्नुभएको छ, हामी

प्रार्थना गर्छौं कि हाम्रा कमजोरीहरुको निम्ति तपाई हामीलाई क्षमा दिनुहोस्, र तपाईको वचनद्वारा आज हामीसंग बोल्नुहोस्। यस मण्डलीको पाष्टर, यहाँको डिकन, ट्रस्टी, र सबै गुरू, सदस्यहरुलाई आशिष दिनुहोस्। यस सानो गायक–मण्डल, र पियानोवादक, संगीतकारहरुलाई आशिष दिनुहोस्। सबैलाई संगै, उनीहरु सबैलाई आशिष दिनुहोस जो यस ठाउँको ढोकामा प्रवेश गर्छन्। उनीहरु हरेक समय परिवर्तनका साथ बाहिर जान सकेका होऊन्, उनीहरु भित्र आउदा खेरी दाजोमा अझै थोरै बढी नजिक हुन सकेका होऊन्। यसलाई प्रदान गर्नुहोस्, पिता। र यो त्यस्तै भईरहेको होस्, यहासम्म कि आजको बिहान पनि, किनकि हामी यो येशूको नाउँमा माग्छौ। आमेन।

19 अब यशैयाको पुस्तक पल्टाउदै, ४० औ अध्याय, हामी पढ्छौ।

*परमेश्वर भन्नुहुन्छ...मेरो प्रजालाई सान्त्वना, सान्त्वना।*

विनम्र शब्दहरुका साथ *यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर...पाएको छ भनी त्यसलाई घोषणा गर।*

*कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छ, मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़–स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ।*

*हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गो–टेढ़ो जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ।*

*अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव–जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखले नै भनेको छ।*

अब शामूएलको पुस्तकमा, पहिलो शामूएल, ३ अध्याय, म १, २ र १९ औ पद पढ्न चाहन्छु:

*अब बालक शमूएल एलीको अधीनमा परमप्रभुको सेवा गर्दथे। यस बेला परमप्रभुको वचन विरलै सुनिन्थ्यो; अनि दर्शन पनि उस्तो दिइँदैनथ्यो।*

*र यो समयमा यो हुन आयो, एक रात एली आफ्नो नियमित ठाउँमा पल्टिरहेका थिए। एलीका आँखा धमिला भइसकेका थिए, र तिनले राम्ररी देख्न सक्दैनथे।*

*...शमूएलचाहिँ परमेश्वरको सन्दूक भएको परमप्रभुको मन्दिरमा सुतिरहेको थियो। परमेश्वरको बत्ती निभेको थिएन।*

*तब परमप्रभुले शमूएललाई बोलाउनुभयो...शमूएलले जवाफ दिए, म यहीँ छु।*

१९ औ पद:

*जसै शमूएल बढ्न लागे, परमप्रभु तिनीसँग हुनुभयो,* र उहाँका *वचनहरूमा एउटै पनि अपूर्ण रहेन।*

20 ओ, त्यो प्रशस्तै पाठ हुनेछ कि हामीले यो बारे यहाँ एक महिनासम्मै बोल्न सक्छौ, र यो गौरवशाली पाठबाट हामीले धेरै सन्दर्भहरु खिच्न सक्छौ। तर यो बिहान, र हामीसंग केवल बिस मिनेट छ हाम्रो उचित समय यो निकाल्नको लागि...मलाई लाग्छ आईतबारे स्कूल सकिएको छ या शायद यसले यो पछ्याऊछ, मलाई थाहा छैन। तर, जे होस्, म यो पाठको प्रयोग गर्न चाहन्छु, *यस अन्तिम दिनहरुमा परमेश्वरको आवाज।*

21 यो एकदमै उत्कृष्ट समय हो। हामी जान्दछौ कि धर्मशास्त्र भित्र हामी कहाँबाट बल्दैछौ, कि यसले भन्छ, "शामूएलको दिनहरुमा खुल्ला दर्शनहरु थिएन।" त्यसैकारणले, "जहाँ दर्शन हुदैन," बाईबलले भन्छ, "मानिसहरु नष्ट हुन्छन्।" हामीसंग एउटा दर्शन हुनुपर्छ। र दर्शनहरु अगमवक्तामा आउछ, र यो तिनीहरुमा बोलिएको परमेश्वरको वचन हो।

22 र हामीले पाउछौ कि एली अगमवक्ता थिएनन्, एली एक पूजाहारी थिए। र उनी वृद्धा हुदै थिए, र उनको आँखाहरु धमिलो हुँदै गईरहेको थियो, र उनी वरपर हेर्न सक्दैन थिए, उनी एउटा भारी वजनको व्यक्ति थिए। र उनले प्रभुको कामहरु अधुरो छोड्न थालेका थिए।

23 र त्यो केहि आजको दिन जस्तै नै थियो। मलाई लाग्छ मण्डली, संस्था र सम्प्रदायहरु, तिनीहरु मैदानमा लामो समय देखि नै थिए, र तिनीहरु शिथिल हुन थालेका थिए। र परमप्रभुको काम अधुरो छोडिएको थियो, सत्यताको वचन, किनकि मण्डली, आफैमा, अन्धो भएको थियो। र हामीलाई आज, परमेश्वरको आवाज हामी माझ बोल्न आवश्यक छ, हामीलाई फिर्ता ल्याउन।

24 र, हेर्नुहोस्, एली लेटेका थिए, र...उनको दृष्टि हराउदै थियो। उनी एउटा पूजाहारी थिए। र तिनीहरुमा परमप्रभुबाट कुनै खुल्ला दर्शन थिएन। र त्यो ठूलो आवश्यकता थियो!

25 र परमेश्वरले यस समयको आवश्यकता पूरा गर्ने प्रतिज्ञा गर्नुभएको छ। उहाँले त्यो सधै गर्नुहुन्छ। र आजको घडीको आवश्यकतालाई पूरा गर्न, हामीले जिईरहेको समयलाई पूरा गर्न, हामीलाई आज परमेश्वरको आवाजको चाहिन्छ। र उहाँले यो प्रतिज्ञा गरिसके पछि, उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ भनि हामी ढुक्क हुनसक्छौ। त्यो आत्म–विश्वास हो जुन विश्वासीमा आफ्नो सृष्टिकर्ता प्रति हुन्छ, कि उहाँले आवश्यकता पूरा गर्नुहुन्छ भनि प्रतिज्ञा गर्नुभएको छ।

26 र, आज, मण्डली जुन परिस्थितिमा छ त्यसमा हुनुको एउटा कारण, कि किनभने त्यहाँ धेरै आवाजहरु छन्, परमेश्वरको आवाजबाट मण्डलीलाई आकर्षित पार्ने त्यहाँ धेरै आवाजहरु छन्, तबसम्म कि यो यति धेरै संकास्पद हुन्छ कि धेरै जनाले परमेश्वरको आवाज सुन्नेछन् यद्धपि यो ठिक तिनीहरुको विचमा बोलिएको हुन्छ। तिनीहरुले शायद यसलाई बुझ्दैनन् पनि, किनभने यो तिनीहरुलाई विदेशी कुरा हुनेछ। तिनीहरुले आजको दिनको आवाजहरुमा आफैलाई यदि विधि केन्द्रित गरेका छन्।

27 र यदि हामीले ध्यान दिएका छौ भने, हाम्रो धर्मशास्त्रको पठनमा, कि परमेश्वरको आवाज तिनीहरुको लागि विदेशी थियो।

28 र यो आज फेरी त्यहि खालको भएको छ, कि परमेश्वरको आवाज...कि त्यहाँ अन्य धेरै आवाजहरु छन्। र तब यदि उहाँले हामीलाई त्यो दिनुहुनेछ भनि प्रतिज्ञा गर्नुभयो, र यदि अन्य आवाजहरु परमेश्वरको आवाजभन्दा विपरित छन्, त्यसो हो भने यो हाम्रो शत्रूको आवाज हुनुपर्छ, हामीलाई भ्रमित पार्नको लागि, ताकी हामीले परमेश्वरको आवाज बुझ्नेछैनौ जब त्यो बोलिन्छ।

29 र हामीले ध्यान दिनसक्छौ कि यो एली र शामूएलसंगै केहि यस्तै नै भएको थियो, तर एलीले तुरुन्तै थाहा पाए कि यो परमेश्वर हुनुहुन्थ्यो भनि। र यो विल्कुल एउटा—एउटा एलीको निन्दा थियो। किनभने, परमेश्वरको आवाज, शामूएलसंग बोल्दै, उनलाई एलीको गल्ति कार्यहरुको बारेमा भन्न पर्ने थियो, किनकि उनले आफ्नो छोराहरुलाई पुल्पुलाएका थिए, र तिनीहरुले पैसा लिईरहेका थिए र—र बलिबाट मासु लिईरहेका थिए। त्यो

सहि थिएन। र तिनीहरुले गलत कामहरु गरिरहेका थिए, परमेश्वरको वचन विपरित गर्दै थिए।

30 र शामूएल...केवल एक चिज जुन शामूएलले गर्न सक्ने, भनेको जे थियो त्यहि कुरा बोल्न सक्थे। र उनी त्यसो गर्नको लागि थोरै अनिच्छुक थिए, किनभने यो ठिक त्यो ठाउँको विरुद्ध थियो जुन ठाउँमा उनलाई हुर्काउन पठाईएको थियो, एली र मन्दिरको विरुद्ध। तर एलीले भने, "बोल।" बुझ्नुभयो? र उसले उनलाई ठिक त्यहि कुरा भनिदिए जुन कुरा हुनेवाला थियो, कि शामूएल...या, "एलीको दिन समाप्त हुदैथियो, एउटा पूजाहारीको रूपमा," किनभने परमेश्वरले बोल्नुभएको थियो। र परमेश्वरले आफ्नो संदेश शामूएल अगमवक्ताबाट पठाईरहनु भएको थियो। एकदम अनौठो जन्म, बच्चै बाट परमेश्वरमा समर्पित थियो। परमेश्वरले उनीसंग बोल्नुभयो, एउटा बच्चाको रूपमा, र उनलाई त्यस कार्यको लागि तयार पार्दै हुनुहुन्थ्यो जुन पछिको लागि राखिएको थियो। र एलीको समय समाप्त हुदै थियो।

31 त्यहाँ आज पृथ्वीमा धेरै आवाजहरु छन्, कि यो विल्कुलै कठिन कुरा हो, किनभने यसले अलौकिकको आवाजलाई दबाउछ। त्यहाँ धेरै बौद्धिक आवाजहरु छन्, शक्तिशाली मानिसहरुको महान् अवाजहरु जो बौद्धिक छन्, कि, तिनीहरुको बौद्धिक अवस्थाहरुमा, यहाँसम्म कि राष्ट्रहरु पनि हल्लाउछन्। तिनीहरु केवल राता–रात बनेका मानिसहरु होइनन्, तर तिनीहरुले देशहरु हल्लाउछन्, महान् संस्थाहरुलाई एकसाथ ल्याउदै, ठूला अभियानहरु, फूलजस्तो। र एउटा व्यक्ति थोरै भ्रमित हुनेछ। यो उनीहरुलाई भ्रमित पार्न काफि छ, कसरी यी चिजहरु बढ्दै र समृद्धि हुदै गएको छ। र त्यहाँ आवाजहरु छन् जुन—जुन उठ्दै छन् र यी कुराहरु गर्छन्, र यसले परमेश्वरको आवाजलाई पछाडि कुनै ठाउँमा राख्ने कारण बनाउछ, परमेश्वरको साचो आवाजलाई।

32 "र परमेश्वरको आवाज," तिनीहरु भन्छन्, "कसरी हामीले जान्ने कि यो नै परमेश्वरको आवाज हो?" किनभने, आजको लागि...त्यसपछि यो एक प्रमाणित अगमवक्तामा थियो। अब, आज, हामीले कसरी जान्ने कि यो परमेश्वरको आवाज हो, किनभने यो अगमवक्ताको वचनको अभिव्यक्तिकरण हो। *यो* परमेश्वरको अगमवक्ता हो। र परमेश्वरको साँचो आवाजले केवल वास्तविक, जीवित र आलौकिक परमेश्वरलाई फर्काएर ल्याउछ, उहाँको अलौकिक वचनसंग, सत्य वचनको अलौकिक प्रकटीकरणसंग ल्याउदछ।

तब हामीले जान्दछौ कि यो परमेश्वरको वचन हो। किनभने, र त्यो अलौकिक...त्यहाँ धेरै अरू छन् अन्य आयामहरुमा, जसले लगभग त्यसलाई मारेको छ। तर, याद गर्नुहोस्, यसले चमक दिनेछ, यो बढ्नेछ! यसले यो गर्नेछ।

33 अब, त्यहाँ राजनीतिको संसारमा आज एउटा आवाज छ। त्यो एउटा महान् आवाज हो। र मानिसहरु, विल्कुलै, राजनीतिहरुको महान दिनहरुमा, तिनीहरुले...यो सबै तिनीहरुको मण्डलीमा र सबैकुरामा मिसिनेछ। र धेरै पटक, कि हामीले भर्खरै देखेका छौ, कि राजनीतिको आवाज वास्तवमा बलियो मण्डलीहरुमा परमेश्वरको आवाज भन्दा, वा अमेरिकी मानिसहरुले त्यो कहिल्यै पनि गर्ने थिएनन् जुन तिनीहरुले भर्खरै गरेका छन्। बुझ्नुभयो? तिनीहरुले कहिल्यै पनि गर्ने थिएनन्। यदि परमेश्वरको आवाज मण्डलीमा जिवितै राखेका थिए भने, तिनीहरुले कहिल्यै पनि त्यो गल्ति गर्नेथिएनन्। तर परमेश्वरको आवाज भन्दा राजनीतिको आवाज पृथ्वीमा आज यति बलियो छ, कि मानिसहरुले आफ्नो इसाई जन्माधिकार लोकप्रियता, शिक्षा, र राजनीतिक शक्तिको गोलमालको लागि बेचिदिन्छन्। यो देख्नु शर्मको कुरा हो। जुन कुराको लागि हाम्रो देश बनिएको ह्तियो, जे मा यो बनेको थियो, मानिसहरु ठिक त्यसबाट तर्के र—र ती कुराहरुमा मतदान गरे कि हामीले अरु देशलाई छोडिदियौ। र—र प्लाईमाउथ रक, र *मेफ्लावर* र तिनीहरु, यहाँनिर आए र—र यो महान् अर्थतन्त्र स्थापित गरे जुन आज हामी संग छ। यहि कुराबाट बाहिर निस्किनको लागि हामीले कडा गरी लड्यौ, हामीले आफैलाई फर्काएर यसको चंगुलमा राखेका छौ, किनभने बाईबलले भन्छ कि यो त्यस तरिकामा हुनेछ।

34 र एलीको व्यवस्था: एक अगमवक्ताको सट्टामा एउटा पूजाहारी। अगमवक्ता वचन हो। र पूजाहरी एउटा मण्डली थियो।

35 र यो यस्तो एउटा ठाउँमा पुग्यो कि यो यति खुकुलो हुनथाल्यो कि मानिसहरुको लागि वचन विदेशी कुरा हुन थाल्यो। तिनीहरुले यो बुझ्दैन थिए। तब तपाईले यो बोल्नसक्नुहुन्थ्यो, र तिनीहरुले यो बुझ्दैन थिए, किनभने तिनीहरु यसको लागि प्रशिक्षित थिएनन्। पावलले भनेका थिए, “युद्धमा यदि तुरहीले स्पष्ट स्वर निकालेन भने युद्धको लागि को तयार हुनेछ?”

36 मानिसहरुलाई एउटा—एउटा—एउटा मण्डलीको आवाज सुन्ने तालिम दिईएको हुन्छ, एउटा मण्डलीको तुरही, “तिनीहरु सबै संग भएका भन्दा हामीसंग हाम्रो सन्डे स्कूलमा बढि छन्।” त्यसले कुनै अर्थ राख्दैन। “अरुसंग भएका भन्दा हामीसंग हाम्रा नामधारी संगठित संस्थाहरुमा बढि छन्। हामीहरु नामधारी संस्थाहरु मध्येमा सबैभन्दा ठूलो हौँ।” हेर्नुहोस्, त्यस खालको आवाजको निम्ति मानिसहरुलाई प्रशिक्षित गरिएको छ। तिनीहरु बाहिर सडकमा जान्छन् र मानिसलाई लिन्छन् र तिनीहरुलाई भित्र ल्याउछन्। महान् अभियानमा हजारौ गुणा हजारौ, तिनीहरुलाई भित्र ल्याए। तिनीहरुको रुचि के मा छ? “हामीले सबैभन्दा ठूलो मण्डली पाएका छौ। हामीसंग ठूलो झुण्ड छ। हामीसंग उच्च सदस्य भएको आईतबारे विद्यालय छ। हाम्रो मण्डलीमा हामीसंग शहरको मेयर आईरहेका छन्।” त्यो सबै राम्रै हुनसक्छ, तर यदि त्यहि मण्डली परमेश्वरको आवजको, सुसमाचारको तुरहीको निम्ति प्रशिक्षित छैन भने, यसले के फाईदा गर्छ?

37 र जब यस्ता कुरा उठ्छ जस्तो हाम्रो सरकारको माझा उठेको छ, के भयो? मण्डलीलाई तुरहीको आवाज थाहा थिएन, र तिनीहरुलाई के गर्ने थाहा थिएन। समृद्धिको महान् प्रतिज्ञा, एक बौद्धिक महाकाय आईरहेको छ, र तिनीहरु ठिक त्यहि ठाउँमा गए जुन बाईबलले भविष्यवाणी गरेको थियो, र यसलाई भिरा ल्याए। बुझ्नुभयो, एउटा राजनैतिक आवाज! र यसले साबित गर्यो कि यसले धार्मिक आवाजलाई दबायो, या तिनीहरुले कहिल्यै पनि त्यो नगर्न पर्ने थियो जुन तिनीहरुले गरे, सुसमाचारको आवाज। किनभने हामीलाई धेरै कुराहरुको प्रतिज्ञा गरिएको छ, हामीलाई समृद्धिको प्रतिज्ञा गरिएको छ, र हामीले के पाउनेछौ भन्ने कुरामा कुनै संका छैन।

38 तर, अझै पनि, एउटा विश्वासीको लागि त्यसले केहि अर्थ राख्दैन। हिब्रूको पुस्तकमा पल्टाउनुहोस्, ११ औ अध्यायमा, सन्त पावलले बोलेको कुरा सुन्नुहोस्, कसरी तिनीहरु, त्यस दिनहरुमा, “कसै कसैले भेडा र बाख्राका छाला लाउँथे, तिनीहरू गरीब, सताइएका र अरूले दुर्व्यवहार गरिएकाहरू थिए र शहरमा प्रवेश गर्न पाएनन्।”

39 मैले नाईसिया परिषदमा पढिरहेको थिए, जब महान् मुद्धाहरु नाईसियामा, रोममा आए, येशू मृत्युको तिन सय बर्ष पश्चात, महान् नाईसिया परिषदमा, जब महान् मण्डली जे कुरा ठिक थियो त्यसको निम्ति

खडा भयो, उनीहरुलाई बाईबल चाहियो। र रोमद्वारा धर्मान्तरित भएको रोमको पहिलो मण्डलीले धर्मसिद्धान्त घुसाएका थिए, उदाहरणको रूपमा भन्दा, जस्तो कि हामीसंग ख्रीष्टमस रहेको छ।

40 ख्रीष्टमस, ख्रीष्ट डिसेम्बरको २५ तारिकको दिनमा जन्मनुभएको थिएन। किन, यहूदियाको पहाडहरु हिऊले ढाकेको थियो, र उहाँ...यो सबै अन्य बाईबलको भविष्यवाणीहरुको विपरित बन्छ। उहाँ वसन्तमा जन्मनुभएको थियो, जसरी सबै थुमाहरु जन्मने गर्छन्। उहाँ एउटा घरमा नभएर खलिहानमा किन जन्मनुभयो? उहाँ एउटा थुमा हुनुहुन्थ्यो। उहाँ किन सिधै वेदी तर्फ जानुभएन या उहाँको वेदीमा जानुभएन जहाँनिर उहाँलाई काँटी ठोकिएको थियो, क्रूसमा? उहाँलाई क्रूसतर्फ डोहोर्याईयो। तपाई भेडालाई बधशालामा डोहोर्याउनु हुन्छ। उहाँ एउटा थुमा हुनुहुन्थ्यो। त्यसैले उहाँ तब जन्मनुभयो जब थुमाहरु जन्मिए।

41 तर, तपाई देख्नुहुन्छ, त्यो गर्नको लागि, तिनीहरुले सूर्य–देवताको जन्मदिन लिए, जुन, सौर्यमण्डलमा, कि—कि डिसेम्बर बीसौं देखि डिसेम्बर पच्चीसौसम्म पाँच दिनमा सूर्य, त्यहाँ सूर्यको विरलै मात्रै चहलपहल हुन्छ। यो—यो प्रत्येक दिन थोरै फरक हुन्छ, यो तबसम्म लम्बिदै र लम्बिदै र लम्बिदै जान्छ जबसम्म यो जुलाईमा यसको सबै लामो दिन बन्न पुग्छ। र त्यसपछि, डिसेम्बरमा, यो छोटो दिन हुन्छ। र त्यसपछि त्यो पच्चीसौंको त्यो सानो समय, बीसौं देखि पच्चीसौंसम्म, तिनीहरुले रोमन सर्कस गर्थे र सूर्य–देवताको जन्मदिनको उत्सव मनाउथे। त्यसोभए जुपिटर, जो एउटा रोमन देवता थियो, र त्यसपछि तिनीहरुले यसलाई यसो भन्दै जबरजस्ती घुसाए, "हामी परमेश्वरको पुत्र र सूर्य–देवतालाई संगै लिनेछौ, त्यसलाई संगै राखेर एउटा महान् उत्सव बनाउनेछौ।" त्यो विपरित छ! र, ओ, तिनीहरुले त्यसमा धेरै धर्मसिद्धान्तहरु घुसाए!

42 र त्यसपछि जब ती परमेश्वरका साँचो मानिसहरु वचनमा रहन चाहे, जस्तो कि पोलिकार्प, आईर्नियस, मार्टिन, ती महान्, प्रारम्भिक, सन्त पुरुषहरु जो सत्यतामा रहन चाहन्थे...र जब तिनीहरुले नाईसिया परिषदबाट ल्याए, यी मध्ये केहि मानिसहरु यति धेरै बहिष्कृत भए कि अगमवक्ता उजाडस्थानबाट एउटा भेडाको छाला बाहेक तिनीहरुको अगाडि केहि नलिकन परिषदमा बस्नको लागि आए। तर तिनीहरुले प्रभुको वचन जानेका थिए। तर लोकप्रियता, त्यस पन्ध्रदिनको खूनी राजनीति, र

यसलाई पछार्दियो। त्यसपछि हामीमा पनि एक हजार वर्षको अँध्यारो युग थियो, हेर्नुहोस्।

43 तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो कि तुरही फेरी पनि बज्नेछ। सधै मानिसहरुले वचनको साँचो आवाज सुन्छन्, सधै जाँच गर्नुहोस् कि वचनद्वारा तपाईले के गर्नुहुन्छ।

44 राजनीतिको आवाज। र हामी अमेरिकामा रहेका र बाकि विश्वमा रहेकामा, एउटा ठूलो स्वरले बोलिरहेको आवाज छ, र त्यो हलिवूड हो। यसले संसारलाई कैद गरेको छ। कसैले केहि लिएर हलिवूडमा आउन दिनुहोस्, तपाईले यसलाई सबै देश भरि पाउनु हुन्छ। अब, हामीले ध्यान दिनसक्छौ कि तिनीहरुमा हाम्रा महिलाहरुको लागि एउटा ढाचा छ, तिनीहरुको पोशाकमा, तिनीहरुको केशको शैलीमा। तिनीहरुले त्यो पोशाक तयार गरे।

45 मण्डलीले त्यसमा परमेश्वरको तुरहीको आवाजलाई जान्नुपर्दछ! तर त्यहाँ यति धेरै अन्योलता छ किनभने अरुले त्यसो गरेको उदाहरण तपाईले देख्नुहुन्छ। त्यस तरिकाको उदाहरणको ढाँचामा आफैलाई कहिल्यै पनि नलानुहोस्, किनभने यो विनाशशील छ। सधै परमेश्वरको आवाजलाई सुन्नुहोस्, यस विषयमा उहाँले के भन्नुहुन्छ त्यो सुन्नुहोस्।

46 र त्यसपछि हामीले ध्यान दिनसक्छौ, हलिवूडमा, तिनीहरु ती कुराहरु उठाउछन्। र हामी अघि बढ्नुभन्दा अगाडि केवल मलाई यस कुरामा एक क्षण बोल्न दिनुहोस्। त्यहाँ एउटा—एउटा कुरा आएको थिए धेरै पहिले होइन, कि त्यहाँ एउटा—एउटा हलिवूडमा...अब मानिसको बिरुद्ध केहि छैन, उहाँ एक जना हुनुहुन्छ जसको निम्ति ख्रीष्ट मर्नुभयो, तर केवल तपाईलाई देखाउनको लागि। तिनीहरुले एउटा सानो कुरा आविष्कार गरेका थिए, जुन बच्चाहरुले प्रयोग गर्छन्, जसलाई "हुला–हुप," हुला–हुप भनिन्छ, या केहि त्यस्तै। र यदि तपाईले कहिल्यै त्यसको अश्लिलताको बारेमा ध्यान दिनुभएको छ भने, त्यसले साना बच्चाहरुमा के गर्छ। त्यो सहि होइन।

47 अब, हलिवूड बन्दुकधारीहरुले भरिएको छ। अब, जोकोही जसले इतिहास जान्नुहुन्छ, ती दिनमा भएका ती मानिसहरुलाई जान्नुहुन्छ, त्यो जस्तै बन्दुकधारी थिए—भिन्न साथीहरु, तिनीहरु सभ्य नागरिकहरु थिएनन्, उनीहरु विश्वासघातीहरु थिए, तिनीहरु अल केपोन र डिलिंगरहरु

जस्तै थिए। उनीहरुको एउटा हलिवूड नाटक थियो जसलाई तिनीहरु भन्थे, टेलिभिजनमा, तिनीहरुले, “बन्दुकधुवाँ। भन्छन्।” मैले *मोनिटरमा* सुनेको थियो, अर्को दिन, त्यो साथी जसले यो खेलेको थियो, आर्नेस या केहि त्यस्तै, या आर्नेस, या मैले भुले उसको नाउँ के थियो, र उनले लिन पर्नेथियो...उनले म्याट डिल्लोनको प्रतिनिधित्व गर्छन् जो कान्सासको प्रधान थिए। र म्याट डिल्लोन एउटा खरायो जस्तै पहेलो थियो। उनले पछाडि पट्टि अट्ठाईस जना मानिसलाई गोली हाने, निर्दोष मानिसहरु, डज शहरबाट बाहिर जाँदै र एउटा झाडीमा कुर्दै। र जब एक जना मानिससंगै आउछ, कि कसैले उनलाई कल गर्छ र भन्छ कि त्यहाँ कुनै एउटा निश्चित खलनायक आउदैछ, तब त्यहाँ बाहिर बस्छ र, जब मान्छे भित्र आउछ, उनले त्यस मानिसहरुलाई पछाडिबाट गोली हान्छ। अब हामीले उनी “ठूलो मान्छे” भएको पाउँछौ। किन, यो—यो विल्कुलै पापलाई गौरवशाली भएको हो। तर हाम्रो देशको साना बच्चाहरुले येशू ख्रीष्टको बारेमा भन्दा बढि म्याट डिल्लोन बारेमा भन्न सक्छन्। कि—कि—कि पसलहरु, टेन–सेन्ट पसलहरु, र कपडा पसलहरु, साना—साना बन्दुकहरुले झुण्डिएर भरिएको छ, सानो टोपी सहित कि—कि तपाईले कहिँ पनि किन्न सक्नुहुन्छ। यो लगाउनुमा ठिकै छ, तर म—म मात्र तपाईलाई भनिरहेको छु, तपाईले देख्नुहुन्छ। तब तिनीहरु—तिनीहरु, व्यापारिक दुनियाँ, ती कुराहरु उठाउँछन् र यसबाट लाखौँ डलर कमाउँछन्।

48 हामीसंग यो छ जसलाई हामी “सन्त प्याट्रिक दिवस,” भन्छौ, हामीसंग यो छ जसलाई हामी यी “धार्मिक बिदाहरु,” भन्छौ— र व्यावसायिक दुनियाँले यसलाई उठाएको छ, र तिनीहरु लाखौं डलर कमाउँछन्। “आमा दिवस,” फूलहरुको गुच्छा। किन, हरेक दिन आमाको लागि एक सम्मानित दिन हुनुपर्छ। उनी कतै टाढा छिन्, बुढी, गएर उनलाई भेट्नुहोस्। तपाईले उनलाई पठाउन सक्ने सबै फूलहरु, या अन्य त्यस्तै कुराहरु भन्दा त्यो बढि लायकको हुन्छ। हेर्नुहोस्, तर तिनीहरुले यो उठाउछन्। यो एउटा आवाज हो, र—र हामी ठिक यसैसंग मिसिन्छौ। या साच्चै सहि छैन। तर तपाई गर्न जाँदै हुनुहुन्छ? हेर्नुहोस्, हामी—हामीहरु केवल...

49 तपाईलाई केहि भन्नको लागि म यहाँ एउटा बिन्दुमा पुग्न खोज्दैछु, म—म के विश्वास गर्छु। आवाज दुर्लभ छ, परमेश्वर को आवाज।

50 अब, हामीले यो पाउछौ कि तिनीहरुले गति तयार पारेका छन्। र के तपाईले कहिल्यै ध्यान दिनुभएको छ? हाम्रा जवान केटाहरु “रिकी” र “एल्भिस” बनेका छन्। तपाईले बच्चाको नाम त्यो राखिदिनुभयो, यसलाई छिट्टै नै परिवर्तन गरिदिनुहोस्, बरु उनलाई नम्बर “एक” या “दुई” या केहि अरु भनेर बोलाउनुहोस्। नगर्नुहोस्, त्यो भयानक हो...तपाई भन्नुहुन्छ, “नामले के फरक पार्छ र?” किन, निश्चय नै पार्छ, यसको केहि अर्थ छ। तपाईको नाउँले तपाईको जीवन चित्रित गर्छ। “अब, भाई ब्रन्हाम, तपाई अंकशास्त्रमा हुनुहुन्छ।” होइन, म छैन! म परमप्रभु यसो भन्नुहुन्छ मा छु! किन त जब याकूब, उनले आफ्नो नाउँमा जिए, उनी एउटा धोखेबाज, कपटी, याकूबको रुपमा रहे। र जब परमेश्वरले उनलाई परिवर्तन गर्नुभयो, उहाँले उनको नाउँ परिवर्तन गर्नुभयो। परमेश्वरले शाऊलबाट पावलमा, सिमोन बाट पत्रुसमा परिवर्तन गर्नुभयो। निश्चय नै, यसमा केहि छ। र रिकी र एल्भिस, र त्यस्ता नामहरु, आधुनिक अमेरिकी नाउँ हो जसले एउटा बच्चालाई ठिक त्यसमा आपसेआप फालिदिन्छ। हेर्नुहोस् मेरो मतलब के हो?

51 अब, मलाई आशा छ म...मैले यसलाई छोडेकै राम्रो र यस अंशमा यति टाढासम्म नगएको राम्रो हुन्छ यहाँ, (हेर्नुहोस् म के अर्थ लाउदैछु?) कि तपाईले यो बुझ्नुहुनेछैन। तर यी सबै कुरा साधारण व्यक्तिले समेत बुझेको छैन। उनीहरुले यो समात्न सक्दैनन्, किनभने तिनीहरुमा एउटा चलन छ। त्यहि नै हो जुन तिनीहरुले सुन्छन्, ती आवाजहरु।

52 त्यहाँ दार्शनिकहरु, साम्यवादको एउटा आवाज छ, ती वाचाहरु गर्दैछन् जुनद्वारा तिनीहरु रहनसक्दैनन्। र अझै पनि अमेरिकी जनताको एक महान् प्रतिशत साम्यवादमा लपेटिएको छ। अब, म साम्यवादमा भएको छु, साम्यवादको क्षेत्रहरुमा, बरु जर्मनीमा, बर्लिनको पूर्वपट्टि। तिनीहरुसंग बाहिर देखाउनको लागि माहान ठूला घरहरु थिए। तपाई तिनीहरुको भित्रबाट भएर जानुहोस्, त्यो पूरा समेत भएको छैन। यो झुटो अर्थव्यवस्था हो, तिनीहरुले केहि कुरामा धकेल्न प्रयास गर्दैछन्।

53 र, रूसमा, साम्यवादको जन्मस्थान...जुन, धेरै वर्ष पहिले, जब मा भर्खरै एउटा केटा प्रचारक थिए, म तेत्तिस वर्ष पहिले भन्छु, जब नाजीवाद, फासीवाद, र साम्यवाद उदाउदै थियो, मैले भनेको थिए, “म परमप्रभुको नाउँमा बोल्छु! तिनीहरु सबै साम्यवादमा समाहित हुनेछन्।” तर, के

तपाईले कहिल्यै सोच्नुभएको छ, यदि हामी यसलाई लिन्छौ भने, परमेश्वरले हाम्रो निम्ति एउटा बाटो छोड्नुभएको छ। त्यहाँ रूसको केवल एक प्रतिशत मात्रै साम्यवाद छ, एक प्रतिशत, तर तिनीहरु नियन्त्रण लिने प्रतिशत हो। एक प्रतिशत साम्यवाद...रूसको एक प्रतिशत साम्यवाद छन्, तर तिनीहरुले नियन्त्रण गर्छन्।

54 र त्यहि कुरा, हलिवूडको ठाउँमा छ, तर तिनीहरु नियन्त्रणमा छन्।

55 संयुक्त राज्यको करिब एक तिहाई या दुई तिहाई जनसंख्या मण्डलीमा जान्छन्, र मण्डलीका सदस्यहरु हुन्, तर तिनीहरुले ती नामधारी संगठनहरुको नियन्त्रणमा छन्।

56 त्यहाँ साम्यवादमा के आवश्यक छ भने तिनीहरुको माझमा परमेश्वरको आवाज उठ्नु आवश्यक छ, र त्यसले यसलाई एउटा शर्ममा पार्नेछ।

57 फिनल्याण्डमा, जब त्यो सानो केटा त्यस दिन मृतबाट जीवित उठाईयो, र तिनीहरुले मलाई तिन वर्ग टाढा ल्याईरहेका थिए, जहाँ यो सानो साथी, मृतबाट जीवित उठाईएको थियो; साम्यवादि सैनिकहरु, रूसीहरु, त्यहाँ रूसी सलामी सहित उभिरहेका थिए, र तिनीहरुको गालाबाट आँशु बगिरहेको थियो। तिनीहरुले भने, "हामी त्यो एउटा परमेश्वरलाई प्राप्त गर्नेछौ जसले मरेकोलाई जीवित पार्न सक्नुहुन्छ।" यो क्याथोलिक मण्डली र लूथरन मण्डली, र ती सबै साम्प्रदायिक नामधारी मण्डलीहरुको लापरवाहि हो, र तिनीहरुले सबै पैसाहरु लिईरहेका छन्, र संस्थाहरु निर्माण गरिरहेका छन्, र मानिसहरुलाई केहि पनि दिदैनन्। तिनीहरु अन्य मानिसहरु जसै गरि जिउँछन्। तिनीहरुमा...

58 रूसलाई आज्ञा केहि खाँचो छ भने परमप्रभुको वचन सहित एउटा अगमवक्ता दृष्यमा देखा पर्न जरूरी छ, जसले मुख—मुख बन्द गर्नसक्छ। तब त्यो नब्बे प्रतिशतले नियन्त्रण लिनेछ।

59 अमेरीकालाई आज एउटा परमेश्वरको अगमवक्ताको एउटा आवाजको खाँचो छ, जो खडा भएर हलिवूडको निन्दा गर्न सक्छ, र यी कुराहरुलाई येशू ख्रीष्टको नाउँमा निन्दा गर्दछ, र पवित्र आत्माको मण्डलीले नियन्त्रण लिन सक्छ। अत्याधिक अन्योलताहरु, हेर्नुहोस्, यसको विरुद्धमा अत्याधिक धेरै विषमताहरु छन्।

60 मण्डली, यसको आवाज, हरेकले अझै धेरै सदस्यहरु चाहन्छन्। ब्याप्टिस्टले यो सबै चाहन्छ मेथोडिष्टले यो सबै चाहन्छ, प्रेस्बिटेरियनले

चाहन्छ। हामीहरु सबैसँग यी छन्। र क्याथोलिकले यो सबै लिन जानेछ जस्तो लाग्छ, र तिनीहरुले लिनेछन्। त्यो ठिक यस बाईबलबाटको परमेश्वरको आवाज हो। तिनीहरुले शाषन गर्नेछन्।

61 र सर्वोच्च परमेश्वरले अन्तमा शाषन गर्नुहुनेछ। सन्तहरुले एक दिन लिनेछन्, बाईबलले यसो भएको छ। तिनीहरुले लिनेछन्।

62 यस्तो भयानक खालको आवाजहरु! त्यसपछि त्यहाँ झुटो अगमवक्ताओ आवाज छ। त्यो एउटा भयानक आवाज हो, एउटा मानिस जसले आफैलाई एउटा अगमवक्ता भनि बोलाउँछ। एउटा अगमवक्ता अवश्य पनि एउटा प्रचारक हो। आधुनिक शब्द "अगमवक्ता" शब्दको वास्तविक अर्थ "एउटा मानिस जसले प्रेरणामा भई प्रचार गर्छ।" त्यहाँ एउटा मानिस छ जो खडा हुन्छ र आफैलाई एउटा अगमवक्ता हुँ भनि बोलाउँछ, र परमेश्वरको वचनलाई इन्कार गर्छ, सत्यतालाई इन्कार गर्छ। त्यहाँ यति धेरै आवाजहरु छन्!

63 केवल केहि समय अगाडि, त्यहाँ एउटा भाई हुनुहुन्थ्यो जसले यहाँ कसरी आउने भन्ने कुराको निर्देशन मलाई दिँदै हुनुहुन्थ्यो, तर मलाई... मलाई लाग्छ कि उहाँले सोच्नुभयो कि किन म माथी सडकमा गए र वरपर घुमे र फर्केर आएँ भनि। यदि तपाई यहाँ हुनुहुन्छ भने, भाई, म केहि कुरा सुन्दै थिए, यो हाम्रो—हाम्रो अश्वेत मित्रहरु हुनुहुन्थ्यो, नेग्रो। तिनीहरुको यहाँ एउटा मन्दिर छ, र तिनीहरुले यसलाई "एलिया मोहम्मद," या केहि त्यस्तै भनेर बोलाउँछन्, "जवान एलिया मोहम्मद।" एउटा आवाज सहित उठ्दै छ, र यसो भन्दै कि तिनीहरु आवाज हुन् जसले रंग जातिलाई यस अराजकताबाट बाहिर निकालीदिनेछ। त्यो, तपाईले देख्नुहुन्छ, त्यहि नै कुरा, तिनीहरुको—तिनीहरुको—तिनीहरुको मुसलमान यहाँ छन्, तिनीहरुको मस्जिद। किन, तपाईले यो देख्नुहुन्न, यसको पृष्ठभूमि, यो गलत छन्!

64 काला जातका मानिसहरु, सेता मानिसहरु जस्तै, खैरा मानिसहरु, र पहेला मानिसहरु, पछाडि होइन...पछाडि मोहम्मदवादमा, तर फर्केर ख्रीष्टमा आउनुहोस्, त्यहि सिद्धान्तहरु जुन बाईबलले सिकाउँदछ। मोहम्मदवाद वचनको विरुद्ध हो। अब, मैले डरबन, दक्षिण अफ्रिकामा दस हजार जना मोहम्मदिहरुलाई ख्रीष्टमा अगुवाई गर्ने सुअवसर पाएको थिए। यसले मनोविज्ञान बाहेक अरु केहि उत्पादन गर्दैन। र मनोविज्ञान तबसम्म

ठिक छ जबसम्म यसले वचनलाई इन्कार गर्दैन। तर जब मनोविज्ञानले परमेश्वरको वचनलाई इन्कार गर्दछ, तब मनोविज्ञान गलत हुन्छ। यसले अनिश्चित आवाज दिदछ। त्यहाँ परमेश्वरको वचन बाहेक सबै कुरा टलेर जानेछ, येशूले त्यसो भन्नुभयो, "स्वर्ग र पृथ्वी टलेर जानेछ, तर मेरो वचन कहिल्यै पनि टलेर जानेछ।" त्यसैले, तपाईले देख्नुहुन्छ कि हामीहरु परमेश्वरको वचनसंग रहनुपर्दछ, आवाजमा।

65 कति धेरै भ्रमित कुराहरु! मानिसहरु उठ्छन्, तिनीहरुलाई वचन थाहा हुदैन, र तिनीहरुले यस्ता कुराहरु भन्छन्, र हुनसक्छ कि त्यो सुन्दा एकदमै उचित लाग्छ। साम्यवाद एउटा उचित कुरा हो। "सबैजना उस्तै। त्यहाँ कुनै पुँजीपति छैन, तिनीहरु सबै साम्यवाद हुन्।" के तपाई कहिल्यै त्यो झुटो जागृति हो भनि सोच्नको लागि रोकिनुभएको छ, जुन साम्यवाद छ? र उहाँले यी सबैलाई केहि ढाँचामा राख्नूभएको छ? येशू... येशूले भन्नुभयो, "दुईटा आत्मा यति नजिक हुनेछन्, सम्भव भएसम्म यसले चुनिएकोलाई पनि झुक्काउनेछ।" र सबै कुरा जुन दुष्टसंग छ, त्यो परमेश्वरले बनाउनुभएको कुराको विकृत हो। पाप—पाप धार्मिकताको विकृति हो। एउटा झुट सत्यको गलत प्रस्तुति हो। व्यविचार एउटा—एउटा कार्य हो जुन परमेश्वरले हामीलाई दिनुभएको कुराको विकृति हो। सबै अविश्वास विश्वासको विकृति हो। तपाईले विकृति लिनको लागि सत्यता—सत्यतालाई इन्कार गर्नुपर्दछ। हेर्नुहोस्, यी शब्दहरुलाई सिधा पार्नुहोस्, तिनीहरुलाई वचनबाट जाँच गर्नुहोस् र हेर्नुहोस् यो सत्य हो या होइन भनि।

66 ओ, कसरी हामी यस विषयमा गईरहन सक्छौ, आजका यी आवाजहरुमा, तर हाम्रो समय बितिसकेको छ। तर, यति धेरै आवाजहरु छन् कि मानिसहरुलाई के गर्ने भनेर थाहा नै छैन। मेथोडिष्टले अन्ततः एउटा ब्याप्टिष्ट प्रचारलाई सुन्नेछ, तिनीहरु त्यहाँ जानेछन्, तिनीहरु त्यहाँ केहि बेर बस्ने छन् र त्यसपछि तिनीहरु लूथरन तिर जानेछन्। र पेन्टिकोष्टलमा, तिनीहरुसंग भिन्न समूहहरु छन्, एउटा एउटाको पछि दौडिन्छ, र एउटा अर्कोको पछि, तब अगाडि र पछाडि। यसले यो देखाउछन् कि तपाई स्थिर हुनुहुन्न। उहाँको आवाजलाई सुन्नुहोस्। यहाँ यो छ, कागजमा लेखिएको, आवाज, आवाज पुष्टि गरिनेछ यदि यो सत्य हो भने।

67 मण्डलीजनहरुलाई थाहा छैन के गर्ने भनेर, राजनीतिक संसार अराजकमा छ। सबै कुरा अराजकमा भएको जस्तो देखिन्छ। मित्रहरु

यहाँबाट त्यहाँ दौडिन्छन्, केहि कुरा उठ्छ, केहि ज्याकेट, केहि कोट। जब रोममा थिए, तिनीहरुसंग उन्नाईस ओटा प्रमाणित भिन्न–भिन्न काटीहरु थिए जुन येशूको हातमा ठोकिएको थियो; र त्यहाँ केवल तिनओटा थियो, तर यद्धपि तिनीहरुसंग उन्नाईस ओटा फरक–फरक काटीहरु थियो। अब, को संग काटी छ भन्ने कुराले के फरक ल्याउछ र? ख्रीष्टले कहिल्यै पनि पूजा गर्नको लागि हामीलाई काटी छोड्नुभएन, उहाँले हामीलाई पवित्र आत्मा छोड्नुभयो, उहाँ वचन द्वारा! "विश्वास गर्नेहरुमा य चिन्हहरु हुनेछ, तिनीहरुमा सक्क काटीहरु हुनेछ?" "तिनीहरुसंग...विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ, तिनीहरु मैले शुरू गरेको नामधारी संगठित मण्डलीमा हुनेछ"? उहाँले कुनै पनि शुरू गर्नुभएन। हेर्नुहोस् कसरी आवाज यसको विपरित छ?

68 तर, "विश्वास गर्नेहरुमा *यी* चिन्हहरु हुनेछ: मेरो नाउँमा तिनीहरुले भूतहरुलाई धापाउनेछन्।" त्यहाँ छ वचन। "तिनीहरुले नयाँभाषाहरुमा बोल्नेछन्; सर्पहरु लिनेछन्, जसले तिनीहरुलाई कुनै हानि गर्नेछैन। तिनीहरुले विषालु चिजहरु पिए पनि, त्यसले तिनीहरुलाई कुनै नोक्सानी गर्ने छैन। यदि तिनीहरुले विरामीहरुमा हात राखेर प्रार्थना गरे भनेम तिनीहरु निको हुनेछन्।" र तपाईले यी कुरा हेर्नुहोस् र थप बाकि रहेका सबै धर्मशास्त्रलाई एक ठाउँमा राक्नुहोस्।

69 अब, त्यो एक्लैले यो पुष्टि गर्न सक्दैन, विल्कुलै गर्दैन। त्यहि नि र हो जहाँ हामी पेन्टीकोष्टल्हरु गलत बाटोमा पुग्छौ। के येशूले भन्नुभएको थिएन र, "त्यस दिनमा धेरै जना मकहाँ आउनेछन् र भन्नेछन्, 'प्रभु, के तपाईको नाउँमा मैले महान् कार्यहरु गरेको थिईन र? के मैले तपाईको नाउँमा अगमवाणीहरु बोलिन र? के मैले यो सबै तपाईको नाउँमा गरिन र?'" र येशूले भन्नुहुन्छ, "मबाट दूर होओ, अधर्मी काम गर्नेहरु, मैले तिमीहरुलाई कहिल्यै पनि चिनेको थिईन।" के तपाईले देख्नुहुन्छ, मेरो दिदिबहिनीहरु र मेरो दाजूभाईहरु, किन मैले यस पुस्तालाई नि यति धेरै निन्दा र अभियोग लगाईरहेको छु? तपाईले मानिसहरु र स्वर्गदूतहरु जस्तै गरी अन्यभाषा बोल्नुहोला, मण्डलीको चारैतिर तपाईले आत्मामा नाच्न सक्नुहुन्छ होला, त्यसको यससंग कुनै सम्बन्ध छैन।

70 मैले मुसलमानहरु यस तरिकामा चारैतिर नाचेको देखेको छु। मैले चिकित्सकहरुमा सुनेको छु...बोक्सी चिकित्सा शिविरमा, मैले बोक्सीहरु

खडा उभिएको र अन्यभाषाहरुमा बोलेको र उल्था गरेको देखेको छु, र के हुनेछ भन्ने कुरा ठिक ठिक बताएका छन्, र त्यहि नै तरिकामा त्यो पूरा भएको छ। मैले कलम समर उठेको र अन्यभाषामा लेखेको देखेको छु, र त्यो केवल एकजनाले पढ्न सक्थ्यो र त्यो शैतानको थियो। तपाईले आफ्नो अनन्त गन्तव्य केहि संवेदनामा आधार गर्नसक्नुहुन्न। शैतानले यी संवेदनाहरुको नक्कल गर्नसक्दछ। होइन...यो ख्रीष्टलाई चिन्नु हो, तपाईको जीवनमा केहि कुरा परिवर्तन हुँदछ। तपाईको जीवनलाई हेर्नुहोस् र यसलाई वचनको ढाँचामा राख्नुहोस् र हेर्नुहोस् तपाई कहाँ हुनुहुन्छ। निस्चय नै सूची लिदै।

71 यी सबै प्रतिरूपणहरुको बावजूद, झुटा आवाजहरु, झुटा अगमवक्ताहरु, यी सबै अन्य कुराहरु जुन उठिरहेको छ, येशूले अझै पनि भन्नुभयो, यी सबै कुराहरुको बावजूद, "यदि कुनै मानिसले मेरो आवाज सुन्यो भने र मलाई पछ्याउछ भने।" उहाँ वचन हुनुहुन्छ। सुन्नुहोस्, हाम्रो लागि आज उहाँको आज्ञा, यी सबै आवाजमा। जुन, मैले भने कि यी सबै आवाजहरु बाहिर ल्याउन घण्टौ लाग्ने छ। र यो सबै मानिसहरुको लागि भ्रामक छ, यो एउटा दयनीय कुरा हो। र, आखिरमा, तपाईले दोश्रो मौका त पाउनुहुन्न, तपाईले यसलाई अहिले नै लिनुपर्छ। तपाईले आज राति एउटा मौका नपाउन पनि सक्नुहुन्छ। तपाईले भोलि पनि मौका नपाउनसक्छ। यो अहिले हो! "जब तिमीहरुले मेरो आवाज सुन्छौ, उत्तेजनाको दिनहरुमा जस्तै, आफ्नो हृदयलाई कडा नबनाओ। अहिले नै समय हो। यो स्वीकार्य समय हो कि यदि कुनै मानिसले मेरो आवाज सुन्छ भने।" यसले यो देखाउन जान्छ कि सबै अराजकताहरुको बीचमा पनि उहाँको आवाज अझै पनि त्यहाँ छ। उहाँसंग अझै पनि आवाज छ! किन? उहाँको आवाज सधै रहनेछ। यहाँ यो छ, "स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरो आवाज बितेर जानेछैन," उहाँ वचन।

72 केवल लिऔ, भनौ, अर्को पाँच मिनेट, चाडो। के तपाई, के तपाई त्यति लामो, वा केहि मिनेट बेसी बस्न सक्नुहुन्छ? अब, म चाडो गर्छु। आउनुहोस् केहि ती मानिसहरुलाई लिऔ जसले यो आवाज सुने र यो पालना गरे। यसले तिनीहरुलाई कस्तो कार्य गर्ने बनायो, यसले तिनीहरुलाई के गर्ने बनायो। अब, म धेरै—धेरै जसो पदलाई छोडेर जान जाँदैछु, केवल तपाईमा सिधा आउनको लागि गर्दैछु: कसरी यसले तिनीहरु जिन्दगी परिवर्तन गरिदियो र ती सबै कुराहरु पनि जुन तिनीहरुको बारेमा थियो;

कसरी तिनीहरु विचित्र भए, हामीले एक "विचित्र" भन्ने गर्छौं। ती सबै मानिसहरु जसले परमेश्वरलाई विश्वास गरेका थिए, तिनीहरुलाई विचित्र एकलकाटे मानिन्थ्यो। किनभने, यदि तपाई संसारको प्रवृत्तिमा हुनुहुन्छ भने, त्यहाँ तपाईमा केहि खराबी छ। एउटा इसाई हुनुको लागि तपाई एउटा विचित्र फरक हुनुपर्दछ। "ख्रीष्ट येशूमा ईश्वरीय जिउने हरेकले संसारको सतावट भोग्नु पर्दछ। उहाँ संसारमा हुनुहुन्थ्यो, र संसार उहाँद्वारा बनियो, र संसारले उहाँलाई चिनेन।" अब छिट्टो, हामीले बन्द गर्दैगर्दा ध्यान दिएर यसलाई सुन्नुहोस्।

73 आदमले उहाँको आवाज सुने, साँझको शितलमा, र उहाँसंग संगतिमा थिए। त्यहाँ आदमलाई कुनै दण्ड थिएन। उनले परमेश्वरको आवाज सुने, र उनले भने, "पिता, अब म अब आफैलाई सुत्नको निम्ति दिन्छु।" र उनी तल पल्टिए, र हव्वा उनको पाखुरामा थियो, सिंह, बाघ, र जंगली जनावरहरु उसको वरिपरी राखिएको थियो, त्यहाँ कुनै हानि थिएन, विरामी कुनै तरिका थिएन, उनी बिहान उठ्ला कि नउठ्ला भनेर सोच्न पर्ने कुनै कुरै थिएन, तिनीहरु ब्युँझन जाँदै थिए। आदमले उहाँको आवाज त्यस तरिकामा सुने जुन तरिकामा उनले सुन्न पर्नेथियो।

74 तर एकदिन उनले आफ्नी पत्नीको आवाज सुने। मैले यस कुरालाई केहि बेरको लागि छोडेको राम्रो हुन्छ। तर उनले गलत आवाजलाई सुने, यद्धपि उनी उनको पत्नी थियो, पृथ्वीमा भएको उनको सबैभन्दा नजिकको बन्धन थियो। किन उनले, अय्यूबले जस्तै, "तिमी एउटा मूर्ख स्त्री जस्तै बोल्दैछौ"? यदि यो हुन्थ्यो भने, सम्पूर्ण मानव जाति मर्नुको सट्टा जिईरहेको हुन्थ्यो। यसले मानव जाति र समयको मार्ग नै परिवर्तन गरिदियो। तर उसले परमेश्वरको एउटा आवाज सुनेको थियो, उसको यससंग संगति थियो, तर जब ऊ फर्कियो...कसरी उसले थाहा पायो कि उसको पत्नी गलत थियो भनेर? याद गर्नुहोस्, यो आनन्ददायी थियो।

75 हामी सोच्छौ कि आज हाम्रो संगठन, मण्डली, आज हाम्रो समृद्धिमस परमेश्वर हामीमा मुस्कुराउदै हुनुहुन्छ भनि हामीले सोच्छौ। यो राम्रो देखिन्छ। यो राम्रो देखिन्छ कि जब मीका चार सय अगमवक्ताहरुको अगाडि उभिएको थियो, र सम्पूर्ण भूमि उनीहरुको थियो, र पलिश्तीहरु त्यसमा बसिरहेका थिए, या, सिरियालीहरु, यो राम्रो देखिन्थ्यो। यी अगमवक्ताहरुले भनिरहेका थिए, "त्यहाँ जानुहोस्, त्यो हाम्रो नै हुन्छ। यसलाई लिनुहोस्!" तर यो

परमेश्वरको आवाज थिएन। र मीका आए र त्यस आवाजलाई श्राप दिए। र त्यो गर्नको लागि उनलाई कसरी थाहा भयो? किनकि उसको दर्शन पूर्णरुपले वचन संग थियो। त्यो मात्र एक तरिका हो यसलाई भरोसा गर्नको लागि र यसलाई आज हेर्नुहोस्, यो वचनमा हुन पर्दछ।

76 तब के तपाईले ध्यान गर्नुभयो? परमेश्वरको आवाज बाहिर आदमले अर्को आवाज सुने पछि, उसको आफ्नै पत्नीको आवाज...र मण्डलीले उनको संगठनको आवाज सुनिरहेको छ, वचनको साट्टो त्यसमा पन्थहरु घुसाउदै, तिनीहरुले जस्तो चाहेको त्यस्तै जीवन जिउन दिदै। जबसम्म तिनीहरु मण्डली र कुनै एउटा निश्चित मण्डलीको एउटा सदस्यमा जान्छन्, त्यतिले नै पुग्छ। पृथ्वीमा विश्वासीसंग भएको सबैभन्दा नजिकको सम्बन्ध, तिनीहरुमा, मण्डली हो। तर विश्वासी, साँचो विश्वासीको, सबैभन्दा नजिकको सम्बन्ध पवित्र आत्मा हो, यो परमेश्वरको वचन हो।

77 त्यसैले तपाईले थाहा पाउनुहुन्छ कि आदमले उसको आफ्नो अवस्था थाहा पाए, र उसले परमेश्वरको आवाजले फेरी बोलाईरहेको सुने, र त्यससमय ऊ अंजिरको पातमा थिए। तर यो दण्डको एउटा आवाज थियो, "तैले किन यसो गरिस्?"

78 म सोच्छु कि यदि अमेरिकाले आज, या विश्व यसको धार्मिक हंगामा मा, जस्तो यो छ, र अमेरीका निलिदै गएको छ, निगलिएको छ, यो चाडै नै एउटा राष्ट्रिय धर्म हुनेछ। [टेपमा रिक्त स्थान—सम्पा।]

79 मेरो अगाडि के बसिरहेको छ? मलाई थाहा छ यो टेप हो र यो सारा संसार भरि जानेछ। हामीसंग टेप कार्यक्रम छ, कि प्रत्येक संदेश सारा संसारमा जानेछ, सबै अन्य देशहरुमा।

80 तर, यदि तपाई हेर्नुहुन्छ र देख्नुहुन्छ भने, तपाई ठिक अंजिरको पातहरुमा उभिरहनुभएको छ। जब परमेश्वरको साँचो आवाज बाहिर आउँछ, तिनीहरुलाई थाहा हुदैन यसलाई के गर्ने भनेर। यो भ्रामक छ, तिनीहरुलाई थाहा छैन के गर्ने भेनर।

81 छिट्टै, परमेश्वरको आवाज नोआले सुने। यसले उनको जीवन बचाउने तयारी गरिरहेको थियो, र उनले निर्देशनलाई पछ्याए र उनी खडा भए।

82 यदि कुनै मानिसले आवाज सुन्यो भने...अब सुन्नुहोस्, यसलाई राम्ररी समात्नुहोस्। असफल अहुनुस्। यदि एक मानिसले केहि कुराको आवाज सुन्छ भने, र यदि त्यो परमेश्वरको आवाज हो भनि प्रमाणित भएको छ भने,

र समयमा, र त्यसपछि त्यो मानिसबाट बाहिर निस्कन्छ भने, स्वर्ग र पृथ्वी बितेर जानेछा तर त्यो वचन बितेर जान सक्दैन।

83 नोआले आवाज सुने, र संसारको निन्दा गरे। र तिनीहरुले उनको सामुन्ने खिसी गरे किनभने उनको—उनको संदेश तिनीहरुको वैज्ञानिक उपलब्धिहरुसंग मिल्न सकेन, तर वर्षा भयो र सारा संसारलाई नष्ट गर्यो। बुझ्नुभयो? उहाँको आवाज सुन बाहिर गयो, बिउ त्यहाँ रहेको थियो। हरेक युग यो उहि नै तरिकामा भएको छ।

84 शामूएल, जागा भए जब उनले परमेश्वरको आवाज सुने, कि उनी... जा र एलीको निन्दा गर्, त्यस व्यक्ति जसले उनलाई हुर्काएका थिए। त्यो मानिस जो उनको पिता भएको थियो र उनलाई हुर्काएका थिए र उनलाई खुवाएका थिए।

85 सेवक भाईहरु, म गरू? सेवकहरु, धेरै समय, तिनीहरुको साम्प्रदायिक आधार र पंथहरुमा, उनीहरुको गोजीमा आफ्नो परिचय पत्र सहित, एकदमै नरम, त्यहि संगठन जसले उनीहरुलाई पोषण गर्यो र उनीहरुलाई खुवायो र उनीहरूलाई ल्यायो र पदीय रूपमा उनीहरुलाई मण्डलीमा राख्यो, र उनीहरुलाई एउटा मण्डलीमा राख्यो, तपाईले त्यो कुरालाई फाल्न पार्ने हुन्छ जुन तिनीहरुले सिकाएका थिए। बुझ्नुभयो? परमेश्वरको एउटा सच्चा दासलाई परमेश्वरको आवाज सुन्नु कति भयानक कुरा हुनेछ र त्यहि आमा संगठनमा फिर्ता आउनु पर्नेछ, भन्नुहुन्छ, “तपाई निन्दित हुनुहुन्छ किनभने तपाईले यो वचन स्विकार्नु हुदैन।” कस्तो अनौठो कुरा!

यो शामूएलको लागि कठिन थियो। तर उनी एउटा अगमवक्ता थिए, उनले यसो गर्नुपर्थ्यो। चाहे यसले दुख्छ या दुख्दैन, उनले यो जसरी नि गर्नु पर्थ्यो।

86 मोसाले परमेश्वरको आवाज सुने। उनको पूर्ण रूपले धार्मिक सिद्धान्तले भरिएका थिए। उनले सबै *भित्री* र *बाहिरी* कुराहरु जान्दथे, तर यो असफल भयो। उनले परमेश्वरको आवाज सुने, त्यसपछि मोसा कहिल्यै पनि उस्तै रहेनन्।

87 र कुनै पनि मानिस कहिल्यै उस्तै रहदैन। तपाईले आफ्नो कानमा एउटा—एउटा आवाज बोलिरहेको सुन्न सक्नुहुन्छ, तर जब तपाईले आफ्नो हृदयमा सुन्नुहुन्छ, आवाज बोलिरहेको, बुझ्नुभयो, तब तपाईले

सुन्दै हुनुहुन्छ। तपाईले आफ्नो आँखाले देख्नुहुन्न। तपाईले आफ्नो आँखाले हेर्नुहुन्छ, तपाईले आफ्नो हृदयले देख्नुहुन्छ। तपाईले केहि कुरा देख्नुहुन्छ, भन्नुहुन्छ, “मैले मात्र देख्न सक्दिन,” तपाईको अर्थ तपाईले यो बुभ्नुहुन्न। तपाईले आफ्नो कानले सुन्नुहुन्न, तपाईले आफ्नो हृदयले सुन्नुहुन्छ। धेरै पटक तपाईको कानले परमेश्वरको साँचो आवाज सुन्छ, र यो तपाईबाट यसरी भर्छ जसरी एउटा हाँसको ढाडबाट पानी भर्छ। तर जब तपाईले वास्तवमै सुन्नुहुन्छ, तपाईले आफ्नो हृदयबाट सुन्नुहुन्छ।

88 र सबै धार्मिक सिद्धान्त जुन मोसामा थियो, उनले परमेश्वरको आवाज सुनेकै थिएन। तर एकदिन परमेश्वरले यो अस्सी–वर्षको–बुढो भेडापालकलाई एक छेउमा बोलाउनुभयो र उनीसंग बोल्नुभयो, र उनले यसलाई समात्यो। उहाँ परमेश्वर हुनुहुन्छ भनि उहाँले प्रामाणित गर्नुभयो। पहिलो कुरा उहाँले मोशालाई गर्नुभयो, उहाँको वचनलाई प्रमाणित गर्नुभयो, “म तल जाँदैछु, मैले जे प्रतिज्ञा गरेको थिए त्यो मैले सम्भेको छु।”

89 र यो नै त्यो हो जे उहाँले अन्तिम दिनहरुको लागि प्रतिज्ञा गर्नुभएको थियो। उहाँले अन्याजातिहरुबाट मानिसहरु, र सबै प्रतिज्ञाहरु उठाउनु हुनेछ।

90 “यो मैले प्रतिज्ञा गरेको छु।” भन्नुभयो, “मोशा, तेरो जुत्ता खोल।” अर्को शब्दमा भन्दा, यसलाई आदर गर्। “अब तेरो लौरो तल फाल।” र मरूभूमिको एउटा—एउटा सुख्खा लौरो एउटा सर्प बन्यो, र मोशाले त्यसलाई समात्यो, र त्यो फेरी आफ्नै स्थितिमा फर्क्यो। बुभ्नुभयो? उनलाई थाहा थियो कि त्यो परमेश्वर हुनुहुन्थ्यो, किनभने परमेश्वरले भन्नुभयो, परमेश्वरको वचन, त्यो वचन जुन उहाँले बोल्दै हुनुहुन्थ्यो, भन्नुभयो, “तेरो हातमा भएको लौरो तल फाल।” त्यो परमेश्वरको वचन हो। उहि काम गर्न कोशिष नगर्नुहोस्, त्यो तपाईको लागि परमेश्वरको वचन होइन, त्यो मोशाको लागि परमेश्वरको वचन हो। तपाईको लागि परमेश्वरको वचन *यहाँ* छ! “लौरो तल फाल।” यो एउटा सर्पमा परिणत भयो। भन्नुभयो, “अब के त यसबाट डराएको छस्? यसलाई पुच्छरबाट समातेर उठा,” र त्यो फेरी फिर्ता गयो। उनको लागि परमेश्वरको वचन थियो। उनले के गर्यो? परमेश्वर उहाँको वचन प्रमाणित गर्नुभयो।

91 मलाई यहाँ केहि महिना अगाडि एउटा कल आएको थियो, लगभगम, भयो, ओ, यो लगभग एक वर्ष जस्तो भयो, एक वर्ष भन्दा पहिले। टेलिफोन

जडानको अन्त्यनिरको एकजना महिला, एउटा ब्यप्टिष्ट प्रचारक र एउटा पेन्टिकोष्टल प्रचारक सहित। उनले भनिन्, "भाई ब्रन्हाम, प्रभुले मलाई एउटा अगम्वादिनी बनाउनुभएको छ।"

भने, "ठिक छ।"

92 भनिन्, "तपाईलाई थाहा छ, मलाई भनिएको छ कि तपाईले भन्नुभयो कि तपाई—तपाईले गवाहि दिनुभयो कि मेरो सेवकाई परमेश्वरको हो।"

93 अब, मैले त्यसो गर्न सक्दिन, यो परमेश्वरको वचनको विपरित छ। त्यसैले मैले भने, "महिला, त्यो एउटा त्रुटी हो। मैले त तपाईलाई चिनेको पनि छैन।"

94 र ब्यप्टिष्ट प्रचारक, मैले उसलाई सुने, मैले पेन्टिकोष्टल प्रचारक सुने। उनले भनिन्, "ठिक छ, मेरो यहाँ सभा हुदैछ।" र भनिन्, "परमप्रभुले महान् कामहरु गरिरहनुभएको छ।"

95 मैले भने, "म त्यसको लागि आभारी छु।" उनले भनिन्...मैले भने, "के उहाँले कहिल्यै तपाईलाई केहि भन्नुभएको छ?"

भनिन्, "हो, मैले हातमा एउटा महान कार्यक्रम पाएको छु।"

96 मैले भने, "अद्भूत।" मैले भने, "अब, तपाईको के कार्यक्रम हो?" मैले भने, "परमप्रभुले तपाईलाई के भन्नुभयो?"

97 "उहाँले भन्नुभयो, 'फिनिक्स, एरिजोनामा, एउटा *निश्चित–निश्चित* मितिमा जाऊ, र त्यसपछि म तिमीलाई हराएको डचम्यान सुन खानी दिन जाँदैछु, र तिमीले त्यहाँ पाएको यो सुन लिन जादैछौ र तिमीले संसारभरिका प्रचारकहरुलाई प्रायोजित गर्नेछौ।'" जब कि हामी सबैलाई थाहा छ कि हराएको डचम्यान खानी एउटा किंवदन्ति हो। "त्यसैले उनले भन्यो।"

98 मैले भने, "ठिक छ, यो परमेश्वर हो या होइन भनेर कसरी थाहा पाउने त्यो म तिमिलाई भन्नेछु।" मैले भने, "तपाई त्यस दिनमा त्यहाँ जानुहोस्। र यदि तपाईले हराएको डचम्यान खानी पाउनुहुन्छ भने, तब यो परमेश्वर हुनुहुन्छ। यदि तपाईले हराएको डचम्यान खानी पाउनुहुन्न भने, तब पश्चाताप गर्नुहोस् र त्यो झुटको आत्मालाई तपाईबाट निकाल्नुहोस्।" कतै त्यो परमेश्वर हो या होइन भनेर थाहा पाउने तरिका यो हो।

99 परमेश्वरले मोशालाई भन्नुभयो, "मोशा, लौरो तल फाल, र यो एउटा सर्पमा परिणत हुनेछ।" उनले यसो गरे। उहाँले भन्नुभयो, "यसलाई उठा र यो फेरी एउटा लौरो बन्नेछ।" उनले यो गरे।

100 जब परमेश्वरले अन्तिम दिनहरुको एउटा सेवकाईको एउटा प्रतिज्ञा गर्नुहुन्छ, उहाँले ठिक त्यहि तरिकामा यसलाई पुष्टि गर्नुहुन्छ जस्तो उहाँले यसलाई गर्छु भनि भन्नुभएको थियो। तब तपाईलाई थाहा हुन्छ कि तपाईले सहि आवाज पाउनुभएको छ। तपाईले सहि कुरालाई सुनिरहनुभएको छ, किनभने यो वचन पुष्टि गरिएको हो। बुझ्नुभयो? ओ, कसरी...म माफि चाहन्छु, म...ठिक छ।

101 मोशाले फरक व्यवहार गरे। हेर्नुहोस् कस्तो एउटा—एउटा हास उठ्दो कुरा मोशाले गरे। अब, सधै जब तपाई परमेश्वरको आवाज पच्छ्याईरहेको हुनुहुन्छ, तपाई संसारको लागि पागल हुनुहुन्छ। अर्को दिन, मोशालाई, उनको श्रीमतीसंग एउटा खच्चरमा बस्दै गरेको भेटियो, र एउटा युवा उनको काँखमा, या त्यो दक्षिणी भयो, "बच्चा" उनको काँखमा, र त्यहाँ तिनीहरु थिए। दार्ही तल सम्म *यसरी* झुण्डिरहेको यो बुढो मानिस, र उनको तालु शिरमा टल्किरहेको, एउटा लौरो उनको हातमा, एउटा सानो गधालाई अगुवाई गर्दै, ठिक तल मिश्र तिर जत्ति सक्दो चाडो जाँदै थियो। कसैले भन्यो, "मोशा, तिमी कतातिर जाँदैछौ?"

102 "तल मिश्र तिर जाँदैछु, सबै कुरा लिनको लागि।" जब कि एउटा जवान मानिसको रूपमा उनी असफल भएका थिए, उनी एउटा सैन्य मानिसको रुपमा असफल भएका थिए, तर यहाँ उनी सबै कुरा लिनको लागि तल जाँदै थिए। र उनले यो गरे। किन? उनले परमेश्वरको आवाज सुनेको थियो र उनको दिनको लागि त्यो प्रमाणित भएको देखेको थियो; ती चिजहरुको निम्ति जुन उनको दिनमा हुनपर्थ्यो, उनले त्यो देखेको थियो।

103 पावल, एउटा स्व–शैलीको फरिसी, उनी हुन सक्ने सम्मको धार्मिक सिद्धान्तले भरिपूर्ण थियो, तर एकदिन उनले परमेश्वरको आवाज सुने। उनले आगोको खम्बा देखे, र उनले थाहा पाएका थिएँ कि त्यहा केहि कुरा फरक थियो। यसले उनको जीवन परिवर्तन गरिदियो। जति धेरै नै फरिसीहरु भए पनि, चाहे जति सुकै गमालिएलहरु या कुनै कुराले पावललाई कराएको किन नहोस्, "तिमी गलत छौ, तिमी गलत छौ,"

पावलले परमेश्वरको आवाज सुनेका थिए, यो सत्य हो भनि उनलाई थाहा थियो।

104 पत्रूस, हुनसक्ने सम्मको धार्मिक उनी थिए, बडाहरुको परम्पराहरु मानिरहेका थिए, उनले कुनै मासु खादैन थिए। होइन, श्रीमान्। उनीसंग यो संग बिल्कुलै कुनै सम्बन्ध नै थिएन। उनले वास्तवमै बडाहरुको परम्पराहरु मानिरहेका थिए, ठिक वचनमा। के भयो? एकदिन उनले परमेश्वरको आवाज सुने, "यसलाई सामान्य र अशुद्ध नभन, जब मैले त्यसलाई शुद्ध पारिसकेको छु।" उनी एउटा परिवर्तन भएको मानिस थिए। उनी परमप्रभुले पठाउनुभएमा जहाँ पनि जान तयार थिए।

105 बन्द गर्दै गर्दा, म यो भन्न सक्छु। त्यहाँ एक समय एक मानिस थियो जो विश्वासी थियो। उनको मृत्यु भएको चार दिन भईसकेको थियो। उनी चिहानमा थियो, दुर्गन्धित, सडेको अवस्थामा थियो, तर उनले परमेश्वरको आवाज बोलेको सुने, "लाजरस, बाहिर आऊ!" र यदि यसले मरेर सडिसकेको एउटा मानिसलाई जीवित फर्काएर ल्याउछ भने, यसले के गर्न सक्छ होला एउटा मण्डलीलाई जो संग अझै पनि आफैमा जीवन छ? यसले तिनीहरुलाई पुनर्जीवित गर्नुपर्छ, यी सबै आवाजहरुको झमेलामा जसको बारेमा हामीले कुरा गरेका छौ, धार्मिक, राजनैतिक, हलिवूड, यी सबै झुटा भविष्यवाणीहरु र बाहिर गएका चिजहरु। यी सबैको बीचमा, परमेश्वरको साँचो आवाजले एउटा मानिसलाई, जो पाप र अपराधमा मरेको थियो, फेरी जीवनको लागि बोलाउनेछ। यसले एउटा सेलाएको मण्डलीलाई लिनेछ र यसलाई फेरी जीवनको लागि बोलाउनेछ। पक्कै पनि!

106 याद गर्नुहोस्, बन्द गर्दै गर्दा, म यो भन्छु, र त्यसपछि म बन्द गर्नेछु। येशूले भन्नुभयो, "समय आउनेछ, जब तिनीहरु सबै जो चिहानमा छन् तिनीहरुले परमेश्वरको आवाज सुन्नेछन्।" र तपाईले यो सुन्न जाँदै हुनुहुन्छ। चाहे जस्तो सुकै अवस्थामा तपाई भएको होस्, तपाईले यो जसरी नि सुन्न जाँदै हुनुहुन्छ। र ती मध्ये केहि जो चिहानबाट बाहिर आउनेछन्, तिनीहरु निन्दामा आउनेछन्। तिनीहरु आवाज त सुन्छन्, तर यसले निन्दा गरिरहेको छ। र यदि तपाईले यसलाई आज सुन्नुहुन्छ भने, "आज, धेरै समय पछाडि, जब तिमीहरुले मेरो आवाज सुन्छौ, आफ्नो हृदय कहाँ नबनाओ, जस्तो तिमीहरुले उत्तेजनाको दिनहरुमा गरेका थियौ।" र यदि तपाई, पेन्टिकोष्टल मानिसहरु आफैलाई फेरी पन्थ तिर समूहबद्ध

गराईरहनुभएको छ भने, संसारिकतामा, "भक्तिको भेष लिने तर शक्तिलाई इन्कार गर्ने," दण्डित हुनको लागि तपाई पुनरुत्थानमा उठ्नुभन्दा अगाडि, किनभने परमेश्वरको आवाज जुन वचनद्वारा अहिले तपाईमा बोल्दछ त्यस दिनमा तपाईलाई दण्डित तुल्याउनेछ।

107 यदि तपाई केवल एउटा मनतातो विश्वासी हुनुहुन्छ भने, यस बिहानीमा परमेश्वरको आवाज तपाईको हृदयमा कराईरहनुभएको छ, "तिमी एउटा मनतातो विश्वासी हौ," तिमीले चाडो पश्चाताप गरेको राम्रो!

108 तपाई पुरुष, महिला, केटा या केटिहरु, त्यो ख्रीष्टको लागि जिईरहेको होइन, र परमेश्वरको आवाज तपाईमा उहाँको वचनद्वारा बोल्नुहुन्छ र भन्नुहुन्छ, "त्यो गर्न बन्द गर," तपाईले यो गरेको राम्रो। किनभने तपाईले यो फेरी एकदिन सुन्न जाँदै हुनुहुन्छ, र यसले तपाईलाई निन्दा गर्नेछ। तपाईले यसलाई नकार्न सक्नुहुन्न, यो तपाईमा अहिले बोलिरहेको छ। र, याद गर्नुहोस्, यो रेकर्ड गरिएको छ।

109 र तिनीहरु जसले सहि गर्छन् र उहाँको आवाजलाई सुन्छन्, धार्मिकतामा, महिमामा, स्वर्गमा उठ्नेछन्।

110 त्यसैले तपाईले परमेश्वरको आवाज कुनै समयमा सुन्न जाँदै हुनुहुन्छ। शायद थोरै बलका साथ यस बिहानमा यसले तपाईको हृदयमा बोल्छ, कि तपाई जानु भईरहेको बाटोबाट तपाई फर्कनु पर्दछ, परमेश्वरमा फर्कनुस्। अब, याद गर्नुहोस्, तिनीहरुले स्वर्गमा, त्यो आवाज रेकर्ड गर्नेछन् जुन तपाईको हृदयमा बोलिरहेको छ। र कुनै दिन जब येशूले बोलाउनुहुन्छ, र तिनीहरु सबै जो चिहानमा छन्, सहि या गलत, उठ्नेछन्। र त्यसपछि यहि नै आवाज ठिक तपाईकहाँ फर्केर कानेखुसी गर्छ, "फिनिक्स, एरिजोनामा, एक *निश्चित* आईतबार बिहान, जब सेवकले तपाईलाई आवाजको बारेमा बोल्दै, लामो समय सम्म राखेको थियो, म तिमीसंग बोलेको थियो; तिमी स्त्रीहरुलाई आफ्नो केश बढ्न दिनको लागि, अनैतिक रूपमा पहिरन लाउन छोड्नको निम्ति भनेको थियो; तिमी पुरुषहरुलाई झुट बोल्न, धुम्रपान गर्ने कार्य बन्द गर्नलाई भनेको थियो; तिमी प्रचारकहरुलाई परमेश्वरको वचनमा फर्केर आउनको निम्ति भनेको थियो।" मेरो मतलव के हो हेर्नुहोस्? त्यो सहि हो।

त्यो स्थिर आवाजले भन्छ, "यो सहि हुन सक्छ।"

111 यदि म निकोदेमस जस्तै गरी आउन परेको भए, म अझै पनि त्यहाँ पुग्न कोशिष गर्ने थिए। म उहाँ कहाँ आउने थिए, र यहाँ बाहिर मरूभूमिमा कतै जानेथिए, र भन्ने थिए, "परमप्रभु, परमेश्वर, म यहाँ छु, मलाई अब परिवर्तन गर्नुहोस्। तपाईको शैलीमा मलाई ढाल्नुहोस्।" वचनमा फर्केर आओ। कुनै ठाउँ जहाँ तपाई देख्नुहुन्छ कि तपाई वचनबाट बाहिर जानुभएको छ, ठिक त्यसमा फिर्ता आउनुहोस्, किनभने एउटा सिक्री आफ्नो कमजोर कडीमा नै सबैभन्दा बलियो हुन्छ। र तपाईको जीवनको कुनै पनि ठाउँमा जहाँ तपाईले परमेश्वरको आज्ञालाई छोडेर जानुभएको, एउटा परम्पराको सा गर्न, त्यहाँ नै हो जहाँ तपाईको सिक्री टुट्नेछ चाहे जति नै तपाई अरु कुराहरुमा दृढ भए पनि।

112 आउनुहोस् हामी प्रार्थना गरौँ। आज, धेरै समय पछि, प्रभु, तपाईले भन्नुभयो कि तपाई बोल्नुहुनेछ, तपाईले हृदयको मेचहरुमा तपाईको व्यवस्थाहरु लेख्नुहुनेछ। मेरो अगाडि के उभेको छ मलाई थाहा छैन। एक मात्र कुरा मलाई थाहा छ जुन मैले गर्नु पर्दछ त्यो तपाईको वचन लिएर त्यसलाई फैलाउनु हो, निश्चय पनि यो कहिँ केहि चट्टानहरुको मुनि रहनेछ। म प्रार्थना गर्छु, परमेश्वर, कि तपाई हरेक जवान व्यक्ति, हरेक मध्यम उमेर, बृद्ध व्यक्ति, जो कोहि यो हुनसक्छ तिनीहरुसंग बोल्नुहुनेछ। मेरो हृदयमा बोल्नुहोस्, प्रभु। यी सेवकहरुको हृदयमा बोल्नुहोस्। मण्डलीको हृदयमा बोल्नुहोस्।

113 हामी प्रार्थना गर्छौं, पिता, कि आज हामीले तपाईको आवाज सुन्नेछौं। र हामी जान्दछौ, जस्तो कि शामूएलको दिनमा भएको थियो, एक खुला दर्शन एउटा दुर्लभ कुरा हो, र यसले मानिसहरुलाई चकित बनायो। त्यस्तै नै आज छ। हामीसंग सपनाहरु र सपना देख्नेहरु छन्, हामीसंग वक्ताहरु र दुभाषियाहरु छन्, तर परमप्रभुको वचनसंग खुला दर्शन आईरहेको छ, र सच्याईएको छ...हामी प्रार्थना गर्छौं, स्वर्गीय पिता, त्यो त्यो आवाज जुन उजाडस्थानहरुमा कराईरहेको थियो, "परमप्रभुको बाटो तयार पार," कि हामी विश्वास गर्छौं कि पवित्र आत्माले फेरी पनि आज त्यो आवाज दिनुहुन्छ, "परमप्रभुको आगमनको लागि तयार रहो!" र यो कति अनौठो छ, किनकि यसलाई स्तब्ध पार्न र यसलाई बाहिर निकाल्नको लागि त्यहाँ कति धेरै आवाजहरु छन्, तर यो तिनीहरुको कानको लागि दयालु छ जसले यो सुन्दछ। म प्रार्थना गर्छु कि पवित्र आत्माले अब हामी सबैको हृदयमा काम गर्नुहुनेछ।

114 र हाम्रो शिरहरु झुकिरहेको बेलामा, र म भरोसा गर्छु कि हाम्रो हृदयहरु झुकेको छ: यदि तपाई जान्नुहुन्छ कतै कि तपाईले आफ्नो जीवनमा अवज्ञा गर्नुभएको छ, केहि धर्मशास्त्रहरु जान्नुहुन्छ, कि तपाई जान्नुहुन्छ कि त्यो बाईबलको शिक्षा हो जुनसंग तपाईले सहकार्य गर्नुभएको छैन, किनकि केहि कुरा, हलिवूडको आवाजले तपाईलाई केहि फरक गर्ने खालको बनायो। केहि स्थान जुन तपाई सेवकहरुले बाईबलमा एउटा ठाउँ पाउनुभएको छ, जुन वास्तवमा सत्य छ, तर तपाई जान्नुहुन्छ कि तपाईले त्यो सिकाउनुभयो भने तपाईको संगठनले तपाईलाई बाहिर निकाल्नेछ, र तपाई जान्नुहुन्छ कि यो वास्तवमै सत्य छ। तपाई मानिसहरुको लागि जो गलत कुरा लिनुहुन्छ, गलत जीवन जिउनुहुन्छ। तपाई पिता र माताहरु जसले आफ्नो बच्चाहरुलाई सच्याउन कोशिष गरिरहनुभएको छैन, तिनीहरुलाई हुर्काउन कोशिष गरिरहनुभएको छैन। तपाईले आफ्नो सबैभन्दा राम्रो कोशिष गर्नुभएको होला, र जसरी पनि तिनीहरु संसारिक कुरामा गईरहेका छन्, तर तपाईले तिनीहरुको अगाडि उदाहरण राखिरहनुभएको छ। र यदि तपाईले यो गरिरहनुभएको छैन भने, परमेश्वरको आवाजले यसो भन्दै तपाई संग बोलिरहनुभएको छ, “त्यसो नगर।”

115 र अब सबै शिर झुकाई र सबै आँखाहरु बन्द गरि, र स्वर्गका परमेश्वरले भोकाएका व्यक्तिहरुको हृदयलाई तल हेर्नुभएको होस् र त्यो ठाउँ भेट्टाएको होस् जहाँ तिनीहरु गलत छन्। र परमेश्वरमा हात उठाई, भन्दै, “प्रभु, सबै अविश्वास निकाल्नको लागि म साच्चै नै तपाईको आवाजको चाहना गर्दछु, र सबै कुरा जुन तपाई जस्तै छैन, र मलाई त्यस्तो बनाउनुहोस् जस्तो तपाईले मलाई बनाउन चाहनुहुन्छ।” के तपाई आफ्नो हातहरु उठाउनु हुन्छ, जब तपाई...? परमप्रभुले आशिष दिऊन्। परमेश्वरले तपाई आशिष दिनुभएको होस्।

116 तब बाईबलले भनेको छ, येशूले भन्नुभयो, र यी सबै अन्या आवाजहरुको बावजूद, “तैपनि यदि एउटा मानिसले मेरो आवाज सुन्छ भने।” उहाँको पछि लाग, तपाईले आफ्नो चाहनाहरु प्राप्त गर्न जाँदै हुनुहुन्छ।

117 परमप्रभु, समय समाप्त हुदैछ। तर बाईबल त्यो भनेको छ, “जतिले विश्वास गरे, तिनीहरुले बप्तिष्मा लिए।” म प्रार्थना गर्छु, स्वर्गीय पिता, ती सबै जना जसले साँचो स्वीकारोक्तिमा आफ्ना हातहरु उठाए, कि

परमेश्वरको वचन जुन तिनीहरुले पढे, र देखेका छन् कि तिनीहरु गलत थिए। ती मध्ये आधालाई मैले कहिल्यै हेरिन। यो मैले हेर्नको लागि होइन, यो तपाईले हेर्नको लागि हो, प्रभु। तपाईलाई थाहा छ कि हात उठाउनुको पछाडि के उदेश्य र विषय छ भनि। उनीहरुलाई, यसै घडीबाट, उनीहरुको हृदयमा लिएको होस्, "आजको दिनबाट, आज उप्रान्त, म परमेश्वरको वचन र परमेश्वरको आवाज लिनेछु, र जुनै मूल्य तिर्नु परे पनि म पछ्याउनेछु।" र उनीहरुको दिमागमा राखेका होऊन्, जस्तो उनीहरु जाँदैछन्, कविको गितमा जस्तो, "के येशू एक्लैले क्रूस बोक्नुपर्छ, र सबै संसार स्वतन्त्र हिडेको होस्? होइन, त्यहाँ सबैको लागि एउटा क्रूस छ; त्यहाँ मेरो लागि एउटा क्रूस छ। र यो पवित्र क्रूस बोक्नेछु, जबसम्म मृत्युले मलाई स्वतन्त्र छोड्दैन।" तब जब परमेश्वरको आवाज बोल्नुहुन्छ, "म उहाँको धार्मिकतामा आउनेछु, किनभने मैले उहाँको आवाजलाई पछ्याएको छु, उहाँको वचनको आवाजलाई।" म ती अब तपाईमा समर्पित गर्दछु, प्रभु, येशू ख्रीष्टको नाउँमा।

118 अब हाम्रो शिरहरु झुकिरहदा, तपाईले आफ्नो बयान र तपाईको वाचा बनाउदै गर्दा। म यहाँ बसिरहेको सानो केटा देखेर छक्क परेको छु, उसको टाउँको वरपर घुमाईरहेको छ। र त्यहाँ मण्डलीको लागि एउटा आवाज छ, "म तेरा साबि रोगहरु निको पार्ने प्रभु हुँ।" त्यो मण्डलीमा एउटा आवाज हो। र तपाईहरु सबै जना जसलाई चंगाईको आवश्यकता छ, र तपाई परमेश्वरको हरेक वचनको लागि एउटा पवित्र जीवन बिताईरहनु भएको छ जुन तपाई जान्नुहुन्छ के सहि छ, र तपाईलाई चंगाईको आवश्यकता छ, म सोच्छु यदि तपाईले केवल आफ्नो हात उठाउनुसक्नुहुन्छ। तपाईहरुको हातहरु उठाउनुहोस्, "प्रभु, मलाई चंगाईको आवश्यकता छ।" ठिक छ।

119 अब, आवाजलाई तपाईको हृदयमा राख्नुहोस्, "तेरो सबै रोगहरु निको पार्ने म परमप्रभु हुँ।" याद गर्नुहोस्, जब वचन बोलिन्छ, यो पूरा हुन आउन पर्नेछ। येशूले भन्नुभयो, मर्कूस ११:२२, "यदि तिमीले यस पहाडलाई 'हटिजा,' भन्यौ र आफ्नो हृदयमा संका गरेनौ भने, तर विश्वास गर्यौ कि तिमीले जे भन्यौ त्यो हुन आउनेछ, तिमीले त्यो पाउने छौ जुन तिमीले भनेका छौ।"

120 अब, हरेक हामी आफ्नै बाटोमा छौँ अब, तपाईको शिर झुकाउनुहोस्, आफ्नो पाप स्वीकार गर्नुहोस्, "प्रभु, म तपाईको वचन विश्वास गर्दछु।

तपाईको आवाजले मलाई भनिरहेको म सुन्दै छु कि तपाई हिजो, आज, र सधै भरि एक समान हुनुहुन्छ।" म तल जानेछु र यस बालकमा हात राख्नेछु, किनकि ऊ यो के को बारेमा हो भनि जान्नको लागि अत्यन्त सानो छ, अमूल्य सानो केटा, लगभग आकार र उमेरमा मेरो सानो जोसेफ जस्तै। र तपाईहरु सबैले "प्रभु, म तपाईको आवाज सुन्दछु। म विश्वास गर्छु।" भनि प्रार्थना, प्रार्थना, गरेको म चाहन्छु।

121 स्वर्गीय पिता, हामीले यी दर्शकहरुलाई उनीहरुको शरीरको चंगाईको लागि ल्याईरहेका छौ। र, प्रभु, यहाँ एउटा गरिब सानो केटा बसेको छ, उनले संदेश भरि मेरो ध्यान आकर्षित गरेको छ, आमा बुवाले यस सानो साथीलाई समातेर बसेको देख्दैछु। चिकित्सा विज्ञानको मध्यमबाट, त्यहाँ सानो मान्छेको लागि कुनै आशा छैन। त्यहाँ परमेश्वरको एउटा आवाज छ जसले सबै कुरालाई दौडाउछ। र जसरी यस मण्डलीले हरेक आज्ञाहरु बनाउनको लागि सामेल भएका छन् जुन कसरी गर्ने भन्ने म जान्दछु, बाकिका कुरा तपाईको हो, पिता। म तल हिडिरहेको छु र त्यस बच्चामा हात राख्दैछु।

122 पिता परमेश्वर, येशू ख्रीष्टको नाउँ, म यसको निन्दा गर्दछु। परमेश्वरको शक्ति, परमेश्वरको चंगाई...त्यहाँ आउने पाँच मिनेटमा उसमा फरक हुन सकेको होस्...?...हुनसकोस् तिनीहरु सबै...?...तपाईको माहिमा को निम्ति।

123 स्वर्गीय पिता, तपाईले प्रतिज्ञा दिनुभयो। मलाई यति मात्रै थाहा छ, तपाईले प्रतिज्ञा दिनुभएको छ। यो पूरा गरिएको छ, जस्तो य भनिएको थियो, "यदि तिमीले यसलाई *भन्यौ* भने," र म हरेक बिमारको या पिडाको दुष्टलाई भनिरहेको छु जसले यस दर्शकलाई समातेको छ, जसले यी मानिसहरुलाई बाधेको छ, अविश्वासको हरेक आत्मा, म भन्दै छु, "येशू ख्रीष्टको नाममा, मानिसहरुबाट निस्की!" अब, हामी जान्दछौ कि यो लेखिएको छ, र अब यो भनिएको छ, यो पूरा भएको होस्, परमेश्वरको आदर र महिमाको लागि। र येशू ख्रीष्टको नाममा यो मागिएको छ।

124 अब, तपाईहरु जसले विश्वास गर्नसक्नुहुन्छ, र विश्वास गर्नुहुन्छ, चाहे जे भए पनि, हुनुपर्दैन, बिउ त्यहाँ झरेको छ। त्यो तपाई भित्रको सानो कुरा, त्यो आवाज। यस बालकको आमा बुवा, बालकको अवस्था चाहे जस्तो सुने होस्, तपाई विश्वास गर्नुहोस् कि परमेश्वरको बिउ तपाईहरुको

हृदयमा पोखिएको छ, कि त्यो केटा निको हुनेछ? बाकि तपाईहरु प्रार्थना गर्दै हुनुहुन्छ, एक अर्काको लागि, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरको बिउ तपाईको हृदयमा खसेको छ, “मेरो रोग समाप्त भएको छ”? त्यसो हो भने विश्वासको प्रार्थना तपाईको लागि प्रार्थना गरिएको छ, त्यो तल सम्म जानुहोस्। र यदि शैतानले कहिल्यै कोशिष गर्छ भने, तपाई सिधा फर्केर आउनुहोस्। “त्यो स्पेनिस चर्चमा उभिदै, त्यस आईतबार बिहानीमा, मेरो निम्ति विश्वासको प्रार्थना गरिएको थियो। र परमेश्वरले प्रतिज्ञा गर्नुभयो!” विश्वासको प्रार्थनाली बिरामीलाई बचाउनेछ र परमेश्वरले तिनीहरुलाई उठाउनुहुनेछ। यो पूरा हुन आउन पर्नेछ। के तपाई यो विश्वास गर्नुहुन्छ? भन्नुहोस्, “आमेन।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। अब म सेवालाई फर्काएर भाई रोजलाई दिन्छु, मलाई लाग्छ यहाँ, भाई जेवेल रोज।

***यस अन्तिम दिनहरुमा परमेश्वरको आवाज*** NEP63-0120M

(The Voice Of God In This Last Days)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, जनवरी २०, १९६३, अपोस्टलिक चर्च फिनिक्स, एरिजोना, संयुक्त राज्य अमेरिकामा, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org